आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको उखानटुक्का प्रयोगक्षमता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

स्नातकोत्तर तह चौथो सत्रको नेपाली शिक्षा (नेपा.शि. ५४४)

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

शोधपत्र

शोधकर्ता

सुनिता बिष्ट

महेन्द्ररत्न क्याम्पस

नेपाली शिक्षा विभाग,

ताहाचल, काठमाडौँ

२०८१

आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको उखानटुक्का प्रयोगक्षमता - सुनिता बिष्ट २०८१

आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको उखानटुक्का प्रयोगक्षमता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

स्नातकोत्तर तह चौथो सत्रको नेपाली शिक्षा (नेपा.शि. ५४४)

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

शोधपत्र

शोधकर्ता

सुनिता बिष्ट

क्याम्पस क्रमाङ्क : २१/०७६

त्रि.वि.परीक्षा क्रमाङ्क : ७६२९०८१

त्रि.वि.दर्ता क्रमाङ्क : ९-२-४३२-२३०-२००६

महेन्द्ररत्न क्याम्पस

नेपाली शिक्षा विभाग

ताहाचल, काठमाडौँ

२०८१

बुझाएको मिति

वि.सं : २०८१। ११। २५

सन् : मार्च ९, २०२५

मौखिक परीक्षा मिति

वि.सं : २०८१। १२। ०८

सन् : मार्च २१, २०२५

© २०८१
सुनिता बिष्ट
सर्वाधिकार शोधार्थीमा

प्रतिबद्धता पत्र

प्रस्तुत शोधप्रत्रमा संलग्न सामग्रीहरू कतैबाट साभार गरिएका छैनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग गरिएका र प्रकाशनमा आएका छैनन् । यसर्थ यो शोधपत्र सम्पूर्णतः मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

वि.सं. २०८१/११/२५ .....

(सुनिता बिष्ट)

शोधार्थी

सिफारिस पत्र

महेन्द्ररत्न क्याम्पस, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह, चौथो सेमेस्टरको नेपाली शिक्षा (नेपा.शि. ५४४) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत *आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको उखानटुक्का प्रयोगक्षमता* शीर्षकको शोधपत्र शोधार्थी सुनिता बिष्टले मेरो निर्देशनमा तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक गरिएको यस शोधकार्यबाट म सन्तुष्ट छु । यसर्थ प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षा विभागमा सिफारिस गर्दछु ।

मिति : २०८१/११/२५

.....

(उपप्रा.डा.वासुदेव गौतम)

शोधनिर्देशक

TRIBHUVAN UNIVERSITY
महेन्द्ररत्न क्याम्पस
MAHENDRA RATNA CAMPUS
4-271709
4-271728
P.O.Box: 1048
Tahachal, Kathmandu.

Ref No.:-

(यो पृष्ठ विभागबाट लिएको राख्ने)

स्वीकृति पत्र

महेन्द्ररत्न क्याम्पस, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह, चौथो सेमेस्टरको नेपाली शिक्षा (नेपा.शि. ५४४) पाठ्यांशको प्रयोजनार्थ छात्रा सुनिता बिष्टद्वारा तयार पारिएको *आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको उखानटुक्का प्रयोगक्षमता* शीर्षकको प्रस्तुत शोधपत्र नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निम्ति उपयुक्त ठहरएकाले स्वीकृति प्रदान गरिएको छ ।

मूल्याङ्कन समिति

सहप्रा.डा. नेत्रप्रसाद पौडेल .....

(विभागीय प्रमुख)

प्रा.डा. केशवराज पोखरेल .....

(बाह्य परीक्षक)

उपप्रा.डा.वासुदेव गौतम .....

(शोधनिर्देशक)

मिति : २०८१/१२/०८

सन् : ...,..., २०२५

कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र तयार पार्नका लागि आफ्नो व्यस्तताका बिचबाट समय बचाएर सुरु चरणदेखि नै आवश्यक सरसल्लाह र सुझाव दिई अमूल्य सहयोग प्रदान गर्नुहुने शोधनिर्देशक उपप्रा.डा.वासुदेव गौतमप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै शोधप्रस्ताव लेखनदेखि शोधपत्र तयारीको यस चरणसम्म आइपुग्दा आवश्यक संरचना निर्माण, लेखन, संशोधन, परिमार्जन, मूल्याङ्कन आदि विविध विषयमा निरन्तर सहयोग, सल्लाह र सुझाव प्रदान गर्नुहुने महेन्द्ररत्न क्याम्पस ताहाचल, नेपाली शिक्षा विभागका विभागीय प्रमुख सहप्रा.डा.नेत्रप्रसाद पौडेलप्रति हृदयतः आभार प्रकट गर्दछु ।

शोधपत्रको शीर्षक छनोटदेखि लेखनका क्रममा अमूल्य सुझाव दिने आदरणीय गुरुहरू सहप्रा. डा. जीवलाल बस्याल, सहप्रा डा.. तीर्थराज खतिवडा, उपप्रा.डा. रामकुमार राई उपप्रा.डा. दुर्गाप्रसाद दाहाल, उपप्रा. टीका जिरेल, उपप्रा. रामचन्द्र खनाललगायत सबै गुरुहरूप्रति म आभारी छु । यस क्याम्पसका क्याम्पस प्रमुख सहप्रा. गेहेन्द्रप्रसाद दाहाल र सहायक क्याम्पस प्रमुख डा. गोविन्द देवकोटाप्रति आभार व्यक्त गर्दछु । विविध स्रोतका सन्दर्भ सामग्री उपलब्ध गराई सहयोग गर्ने महेन्द्ररत्न क्याम्पस पुस्तकालय परिवारप्रति पनि म कृतज्ञ छु । यस सन्दर्भमा जन्म दिने बुबाआमा र सम्पूर्ण परिवारजनप्रति आभार प्रकट गर्नु म आफ्नो कर्तव्य ठान्दछु ।

प्रस्तुत शोधपत्रलाई सरल, सुबोद्य, विश्वसनीय र वस्तुनिष्ठ बनाउन अथक प्रयत्न गर्दा गर्दै पनि त्रुटि एवम् कमीकमजोरीहरू अनेकौं रहेका हुन सक्छन् । म तिनलाई आत्मसात गर्दछु । यसमा जेजस्ता उपलब्धिहरू प्राप्त भएका छन् ती सबै मलाई हौसला र प्रेरणाका साथमा मूल्याङ्कन गरी सल्लाह र सुझाब दिनुहुने गुरुहरूका कारण सम्भव भएका हुन् भन्ने ठान्दछु । शोधपत्रको प्राविधिक पक्ष मिलाउन अमूल्य सहयोग पुऱ्याउने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरका जीतेन्द्र महर्जनलाई धन्यवाद दिन्छु ।

अन्त्यमा यसमा जे जति कमीकमजोरी भएका छन् ती सबै मेरा आफ्नै सिकारुपन र असावधानीका उपज हुन् भन्ने कुरा स्वीकार गर्दछु र सबै विज्ञ तथा साथीहरूबाट यस सम्बन्धमा आवश्यक सुझाव र सहयोगको अपेक्षा गर्दछु ।

मिति : २०८१/११/२५

.....

(सुनिता बिष्ट)

शोधार्थी

शोधसार

यो शोधपत्र *आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको उखानटुक्का प्रयोगक्षमता* शीर्षकमा तयार पारिएको छ । यसमा निर्धारित विद्यार्थीहरूको विद्यालयको प्रकृति, लैङ्गिक र भाषिक भिन्नताका दृष्टिले उखान टुक्का प्रयोगक्षमताको अध्ययन गरिएको छ । यसका लागि *आधारभूत तह कक्षा आाठका विद्यार्थीहरूको लैङ्गिक र भाषिक भिन्नताका दृष्टिले उखान-टुक्का प्रयोग क्षमताको अध्ययन गर्नु र आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको विद्यालयगत भिन्नताका दृष्टिले उखान-टुक्का प्रयोग क्षमताको अिध्ययन-वश्लेषण गर्नु* गरी दुई उद्देश्य निर्धारण गरिएका छन् । यस अध्ययनमा परिमाणात्मक ढाँचा अवलम्बन गरिएको छ । यसमा पुस्तकालयीय एवम् स्थलगत कार्यबाट प्राथमिक र द्वितीयक स्रोतसम्बद्ध सामग्री सङ्कलन गरिएका छन् ।

यसमा आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमतासम्बन्धी शोध अध्ययन गरिएको छ । प्रतिशतका आधारमा निर्धारित कक्षाका विद्यार्थीहरूको उखानटुक्का प्रयोगक्षमता मध्यम देखिएको छ । यसमा ९६ जना विद्यार्थीको मध्यमान ४८.४९ मानक विचलन १६.०२ रहेको छ । यसअनुसार मध्यमानभन्दा माथिको सङ्ख्या (५३.७५) प्रतिशत र तलको सङ्ख्या (५३) प्रतिशत कायम भएको छ ।

विद्यालयको प्रकृतिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ४९.३३ र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ४५.७२ कायम भएको छ । लैङ्गिक भिन्नताका आधारमा छात्रतर्फको मध्यमान ४६.५५ र छात्रातर्फको मध्यमान ४९.४२ कायम भएको छ । नेपाली भाषी विद्यार्थीतर्फ मध्यमान ५१ प्रतिशत र नेपाली इतरभाषीको मध्यमान ४७.९१ प्रतिशत देखिएको छ ।

विद्यार्थीहरूको उखानटुक्का प्रयोगक्षमतालाई हेर्दा आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको स्तर मध्यम देखिन्छ । समग्र नतिजाले विद्यार्थीहरू उखानटुक्काको प्रयोगमा कमजोर र लापरवाह छन् भन्ने देखाउँछ । यस तथ्यबाट उनीहरूलाई थप अभ्यास आवश्यक छ भन्ने पुष्टि हुन्छ ।

विषयसूची

शीर्षक	पृष्ठ सङ्ख्या
प्रतिबद्धता पत्र	क
सिफारिस पत्र	ख
स्वीकृति पत्र	ग
कृतज्ञता ज्ञापन	घ
शोधसार	ङ
विषय सूची	च-छ
तालिका सूची	ज
स्तम्भ चित्र सूची	झ
सङ्क्षिप्त शब्दसूची	ञ
अध्याय एक : शोध परिचय	**१-५**
विषय प्रवेश	१
समस्या कथन	२
शोधप्रश्न	३
अध्ययनका उद्देश्य	३
अध्ययनको औचित्य	३
अध्ययनको परिसीमा	४
शोधपत्रको रूपरेखा	५
अध्याय दुई : पूर्वकार्यको पुनरवलोकन	**६-२३**
अवधारणागत विशेष शब्दावली	६
प्रायोगिक कार्यको पुनरावलोकन	७
सैद्धान्तिक कार्यको पुनरावलोकन	१०
पूर्वकार्य पुनरवलोकनको उपयोगिता	११
अध्ययनको सैद्धान्तिक अवधारणा	११
अवधारणात्मक ढाँचा	२४
अध्याय तीन : अध्ययन विधि र प्रक्रिया	**२५-२७**
अध्ययनको ढाँचा र कार्य	२५

सामग्रीका स्रोत २५
जनसङ्ख्या र नमुना २५
सामग्री निर्माण २५
सामग्रीको पूर्वपरीक्षण र परिमार्जन २६
सामग्री कार्यान्वयन, तथ्याङ्क सङ्कलन र व्यवस्थापन २६
तथ्याङ्कको वर्गीकरण र तालिकीकरण २७
तथ्याङ्कको अध्ययन-विश्लेषण २७
अध्याय चार : अध्ययन तथा विश्लेषण **२९–५०**
विद्यार्थी समग्रता २९
विद्यालयको प्रकृति ३१
सामुदायिक विद्यालय ३१
संस्थागत विद्यालय ३३
सामुदायिक विद्यालय र संस्थागत विद्यालयको तुलना ३५
लैङ्गिक भिन्नता ३७
छात्र र छात्राको तुलना ४१
भाषिक भिन्नता ४३
नेपाली भाषी र नेपाली इतरभाषीको तुलना ४८
अध्याय पाँच : उपसंहार **५१–५३**
प्राप्ति ५१
निष्कर्ष ५२
शैक्षणिक उपयोगिता ५३
भावी अध्ययनका सम्भाव्य विषय ५४
सन्दर्भ सामग्रीसूची **५५–५६**
परिशिष्टाङ्क **क-प**
व्यक्तिवृत्त

तालिका सूची

तालिका र विषय **पृष्ठ सङ्ख्या**

विद्यार्थी समग्रता

तालिका १ : *प्रतिशत गणना* २७

तालिका २ : *मध्यमान र मानक विचलन* २८

विद्यालयको प्रकृति

तालिका ३ : *प्रतिशत गणना* (सामुदायिक विद्यालय) २९

तालिका ४ : *मध्यमान र मानक विचलन* (सामुदायिक विद्यालय) ३०

तालिका ५ : *प्रतिशत गणना* (संस्थागत विद्यालय) ३१

तालिका ६ : *मध्यमान र मानक संस्थागत विद्यालय)* ३२

तालिका ७ : *सामुदायिक र संस्थागत विद्यालयको तुलना* ३३

लैङ्गिक भिन्नता

तालिका ८ : *प्रतिशत गणना (छात्र)* ३६

तालिका ९ : *मध्यमान र मानक विचलन (छात्र)* ३७

तालिका १० : *प्रतिशत गणना (छात्रा)* ३७

तालिका ११ : *मध्यमान र मानक विचलन (छात्रा)* ३९

तालिका १२ : *छात्र र छात्राको तुलना* ३९

भाषिक भिन्नता

तालिका १३ : *प्रतिशत गणना (नेपाली भाषी)* ४२

तालिका १४ : *मध्यमान र मानक विचलन (नेपाली भाषी)* ४३

तालिका १५ : *प्रतिशत गणना (नेपाली इतरभाषी)* ४४

तालिका १६ : *मध्यमान र मानक विचलन (नेपाली इतरभाषी)* ४५

तालिका १७ : *नेपाली भाषी र नेपाली इतरभाषीको तुलना* ४६

चित्र सूची

स्तम्भचित्र र विषय			पृष्ठ सङ्ख्या
विद्यार्थी समग्रता			
स्तम्भ चित्र १	:	*प्रतिशत गणना*	२८
विद्यालयको प्रकृति			
स्तम्भ चित्र २	:	*प्रतिशत गणना (सामुदायिक विद्यालय)*	३०
स्तम्भ चित्र ३	:	*प्रतिशत गणना (संस्थागत विद्यालय)*	३२
स्तम्भ चित्र ४	:	*सामुदायिक र संस्थागत विद्यालयको तुलना*	३५
लैङ्गिक भिन्नता			
स्तम्भ चित्र ५	:	*प्रतिशत गणना (छात्र)*	३६
स्तम्भ चित्र ६	:	*प्रतिशत गणना (छात्रा)*	३८
स्तम्भ चित्र ७	:	*छात्र र छात्राको तुलना*	४१
भाषिक भिन्नता			
स्तम्भ चित्र ८	:	*प्रतिशत गणना (नेपाली भाषी)*	४२
स्तम्भ चित्र ९	:	*प्रतिशत गणना (नेपाली इतरभाषी)*	४४
स्तम्भ चित्र १०	:	*नेपाली भाषी र नेपाली इतरभाषीको तुलना*	४८

सङ्क्षिप्त शब्दसूची

शब्दको सङ्क्षिप्त रूप	शब्दको पूर्ण रूप
उपप्रा.	उपप्राध्यापक
क्र.सं.	क्रम सङ्ख्या
डा.	डाक्टर
त्रि. वि.	त्रिभुवन विश्वविद्यालय
नेपा.शि.	नेपाली शिक्षा
पृ.	पृष्ठ
पृ.सं.	पृष्ठ सङ्ख्या
प्रा.	प्राध्यापक
सहप्रा.	सहप्राध्यापक

अध्याय एक

शोधपरिचय

विषय प्रवेश

प्रस्तुत अध्ययन आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता परीक्षणमा आधारित रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६, पृ. ५) का अनुसार आधारभूत तहले कक्षा १-८ सम्मलाई जनाउँछ । यसअघि कक्षा १-५ सम्मलाई प्राथमिक तह, कक्षा ६-८ सम्मलाई निम्न माध्यमिक तह र कक्षा ९-१० लाई माध्यमिक तह मानिन्थ्यो । राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७७, पृ.१३) ले १० देखि १२ वर्षसम्मको उमेर समूहलाई आधारभूत तह कायम गरेको छ ।

भाषामा उखानटुक्काको प्रयोग प्रशस्त भएको पाइन्छ । अभिव्यक्तिलाई खदिलो र मार्मिक बनाउने कार्यमा उखानटुक्काको महत्त्वपूर्ण भूमिका रहन्छ । थोरैमा धेरै भन्न सक्नु, प्रयोग मर्मस्पर्शी हुनु, भनाइ सरस र आकर्षक हुनु, अभिव्यक्तिलाई सौन्दर्य बनाउनु आदि उखानटुक्काका विशेषता छन् । उखानटुक्का पदावली वा वाक्यांश स्तरमा देखिन्छन् । टुक्काहरू बढी पदावलीगत हुन्छन् भने उखान वाक्यात्मक किसिमका हुन्छन् । उखानः हुने विरुवाकोचिल्लो पात, टुक्का : नाक काट्नु आदि । उखानट'क्काको प्रयोग र शिक्षणको महत्त्व हुन्छ । उखानटुक्कालाई प्राथमिक तहदेखि नै प्रवेश गराएर टुक्काको माध्यमिक तहमा वृद्धि गर्दै उच्च शिक्षामा व्यापक बनाउनुपर्छ । उखानटुक्काको प्रयोजन र महत्त्वलाई हेर्दा उखानटुक्काको शिक्षणले शब्दभण्डार क्षमताको विकास गर्न, विभिन्न उखान, टुक्का लोकोक्तिद्वारा खँदिलो र प्रभावोत्पादक भाषा शैलीको प्रयोग गर्ने क्षमता बढाउन, लक्षणा र व्यञ्जनायुक्त शैलीको प्रयोगद्वारा सिर्जनात्मक क्षमता अभिवृद्धि गर्न पनि उखानटुक्काको शिक्षणमा अपरिहार्य देखिन्छ ।

उखानटुक्का शिक्षणका प्रमुख कार्यकलापहरूमा प्रासङ्गिक अध्ययन एवम् व्याख्या पर्दछन् । उखानट'क्काको शब्दभण्डारको वृद्धि गर्न विभिन्न किसिमका पाठ्यसामग्री, पत्रपत्रिका एवम् लेख रचनाहरूको अध्ययन गर्नुपर्दछ । उखानटुक्काको शिक्षण गर्दा विविध सन्दर्भमा प्रयोग भएका अभिप्रायहरूको व्याख्या गर्नुपर्दछ र विद्यार्थीहरूले तिनका प्रयोग

सन्दर्भ ठम्याई उपयुक्त प्रयोग गर्न सकुन् । अर्को कार्यकलापमा ऐतिहासिक व्याख्या पर्दछन् । उखानटुक्काहरू लामो अनुभव र परम्पराबाट स्थानीय स्तरमा विकास भएका हुन्छन् । तिनको निर्माण र प्रयोगमा जीवन भोगाइका मार्मिक सन्दर्भहरू गाँसिएका हुन्छन् । त्यस्ता वाक्पद्धतिमा लामो ऐतिहासिकता जोडिएको हुन्छन् । यसर्थ उखानटुक्काले बहन गरेको ऐतिहासिकता, तिनको वास्तविक मर्म र प्रयोग सन्दर्भको व्याख्या गर्नुपर्दछ ।

उखानटुक्का शिक्षणको अर्को महत्त्वपूर्ण क्रियाकलापका प्रयोग अभ्यास पर्दछ । विद्यार्थीहरूलाई प्रशस्त उखानट'क्का प्रयोग भएका पाठ्यसामग्रीको अध्ययन गर्न लगाउने र उखानट'क्काको पृष्ठभूमि र प्रयोग सन्दर्भको व्याख्या गरेपछि विविध प्रसङ्गमा प्रयोगको अभ्यास गराउनु पर्दछ । उखानटुक्काको शिक्षणमा विद्यार्थीहरूलाई स्वतन्त्र किसिमले प्रयोग गरी कुनै विषय शीर्षकमा स्वतन्त्र विचार राख्न लगाउनु उपयुक्त हुन्छ । उनीहरूलाई लेख रचनाहरू लेख्न लगाएर सिर्जनशील अभ्यास गराउन सकिन्छ ।

उखानट'क्का शिक्षणमा निर्देशित अभिभाषण एवम् कथाकथन जस्ता कार्य गर्न सकिन्छ । शिक्षकले नमुनाका रूपमा निश्चित ढाँचामा उखानटुक्का प्रयोग गरेर भाषण, यात्रा विवरण, कथाकथन, अभिनय गरेर सुनाउने र विद्यार्थीलाई पनि सोहीअनुसारको अभ्यास गराउन सकिन्छ (खनिया, २०७६, पृपृ. १००-१०१) ।

समस्या कथन

भाषिक आदान-प्रदान सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार सिपबाट हुन्छ । भाषाका माध्यमबाट अरूको विचार आफूले बुझ्ने र आफ्ना विचारहरू अरूसमक्ष राखी एक अर्काका आवश्यकता पूरा गरिन्छ । यही आवश्यकता पूरा गर्ने क्रममा भाषामा मिठास ल्याउन उखानट'क्काको प्रयोग गर्नु आवश्यक हुन्छ । विद्यार्थीको भाषिक सिप विकास गराउनमा सहयोग पुऱ्याउने उखान-टुक्काले भाषालाई सिँगारेर मनोरञ्जन प्रदान गराउनुका साथै विभिन्न सन्देशमूलक कार्य गर्दछन् । अभिव्यक्तिलाई सौन्दर्ययुक्त र प्रभावकारी बनाई भाषामा मिठास, रोचकता र व्यङ्ग्यात्मकता प्रदान गर्न पुस्तौँदेखि जनसमुदायले उखानटुक्काको प्रयोग गर्ने गरेको देखिन्छ । यही महत्त्वलाई ख्याल गरी प्रस्तुत शोधकार्यमा आधारभूत तह कक्षा आठका विद्यार्थीको निर्धारित नेपाली भाषा पाठ्यपुस्तकमा राखिएका

उखानटुक्कासम्बद्ध प्रयोग क्षमताको परीक्षण गरिएको छ । यस तह र विषयमा यसभन्दा अगाडिका अध्ययनहरूको पुनरावलोकन गर्दा अनेकौँ कमीकमजोरी देखिएका छन् । सोही कमीकमजोरीको निराकरण वा अध्ययनको रिक्तता परिपूर्ति गर्ने उद्देश्यबाट यस विषयलाई मुख्य समस्याका रूपमा छनोट गरिएको छ ।

शोधप्रश्न

यस अध्ययनका समस्यात्मक शोधप्रश्न देहायबमोजिम निर्धारण गरिएका छन् :

क) आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको लैङ्गिक भिन्नताका दृष्टिले उखानटुक्का प्रयोग क्षमता के-कस्तो छ ?

ख) आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको भाषिक भिन्नताका दृष्टिबाट उखानटुक्का प्रयोग क्षमता के-कस्तो रहेको छ ?

ग) आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको विद्यालयको प्रकृतिका आधारमा उखानटुक्का प्रयोग क्षमता के-कस्तो देखिएको छ ?

अध्ययनका उद्देश्य

प्रस्तुत अध्ययनका लागि समस्यात्मक प्रश्नका आधारमा निम्नलिखित दुई उद्देश्य निर्धारण गरिएका छन् :

क) आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको विद्यालयको प्रकृतिका दृष्टिले उखानटुक्का प्रयोगक्षमताको अध्ययन गर्नु ।

ख) आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको लैङ्गिक र भाषिक भिन्नताका दृष्टिले उखानटुक्का प्रयोगक्षमताको अध्ययन-विश्लेषण गर्नु ।

अध्ययनको औचित्य

भाषालाई उक्ति वैचित्र्य, सङ्गीतमय र व्यङ्ग्यात्मक बनाउन उखानटुक्काहरू प्रयोग योग्य मानिन्छन् । भाषा साहित्यमा उखानटुक्काको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । उखान-टुक्काले विद्यार्थीहरूको शब्दभण्डार वृद्धिमा मुख्यतः सहयोग गरेको हुन्छन् । यिनले विद्यार्थीहरूको अभिव्यक्तिलाई सशक्त, प्रभावकारी एवम् खँदिलो बनाउन पूर्ण रूपमा सहयोग

गरेका हुन्छन् । यस अर्थमा प्रस्तुत अध्ययनबाट निर्धारित पाठ्यक्रमभित्र उखान-टुक्कालाई स्थान दिन र सोहीअनुसार पाठ्यपुस्तक निर्माण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । त्यस्तै यसबाट शिक्षकलाई विद्यार्थीको उखान-टुक्का प्रयोग क्षमता कस्तो छ र उनीहरूमा उखान-टुक्का प्रयोग क्षमता कसरी वृद्धि गर्न सकिन्छ भन्ने विषयमा आवश्यक सहयोग प्राप्त हुने विश्वास गरिएको छ । त्यसैगरी यस अध्ययनले भाषिक पाठ्यक्रम र पाठ्यपुस्तक निर्माता, शोधकर्ता, व्याकरणका लेखक, विद्यार्थी र शिक्षासम्बद्ध क्षेत्रका सबैलाई यथोचित मदत गर्ने अपेक्षा गरिएको छ ।

यस अध्ययनपश्चात् विद्यार्थीहरूको पाठ्यक्रममा तोकिएका र पाठ्यपुस्तकमा राखिएका उखानटुक्काको प्रयोगको समस्या, कठिनाइ त्यसका समाधानका लागि सुझावहरू समेत पेस गरिएको छ । साथै उखानटुक्का प्रयोग क्षमतामा विद्यालयको प्रकृति, भाषिक भिन्नता, लैङ्गिक भिन्नताका दृष्टिकोणले कीर्तिपुर नगरपालिकाको आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमतामा पनि प्रस्ट पारिएको छ । त्यसैगरी यो पाठ्यक्रममा उखानटुक्काको विषयवस्तु परिमार्जनका लागि सुझाब र विद्यार्थीहरूलाई उखानटुक्काको सैद्धान्तिकभन्दा व्यावहारिक पक्षमा ध्यान दिनुपर्ने कुरामा समेत महत्त्वपूर्ण हुने विश्वास गरिएको छ ।

अध्ययनको परिसीमा

प्रस्तुत अध्ययनलाई निम्नलिखित सीमामा परिसीमित गरिएको छ :

क) प्रस्तुत शोधकार्य बागमती प्रदेश, काठमाडौँ जिल्ला, कीर्तिपुर नगरपालिकाअन्तर्गत वडा नं. ६ मा सीमित रहेको छ ।

ख) यसलाई कीर्तिपुर न.पा.को निर्धारित वडाभित्रका सामुदायिक विद्यालयतर्फ विश्वराष्ट्रिय माध्यमिक विद्यालय, ढल्पा र कीर्तिपुर माध्यमिक विद्यालय, कीर्तिपुर तथा संस्थागत विद्यालयतर्फ पुष्पसदन आवासीय माध्यमिक विद्यालय र बाघभैरव बोर्डिङ स्कुलमा सीमित गरिएको छ ।

ग) यसमा हरेक विद्यालयबाट आधारभूत तह कक्षा आठअन्तर्गत चार चार जनाका दरले छात्र १२ र छात्रा १२ गरी क्रमशः एउटा विद्यालयबाट २४

जना विद्यार्थी सहित सामुदायिकबाट ४८ र संस्थागतबाट ४८ गरी जम्मा ९६ जना विद्यार्थी नमुना जनसङ्ख्याका रूपमा लिइएका छन् ।

घ) यसमा नेपाली भाषी ४८ जना र नेपाली इतर भाषी ४८ जनालाई लिइएको छ ।

ङ) प्रस्तुत शोधकार्य जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमी, भक्तपुरबाट वि.सं. २०८० (कक्षा ८) वि.सं. २०७९ (कक्षा ७) र वि.सं. २०७८ (कक्षा ६) मा प्रकाशित नेपाली पाठ्यपुस्तकका पाठहरूमा राखिएका उखान (५० वटा) टुक्का (५० वटा) गरी जम्मा (१०० वटा) मा सीमित रहेको छ ।

शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई निम्नानुसार पाँच अध्यायमा पूरा गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन

अध्याय तीन : अध्ययन विधि तथा प्रक्रिया

अध्याय चार : तथ्याङ्कको अध्ययन-विश्लेषण

अध्याय पाँच : उपसंहार

अध्याय दुई

पूर्वकार्यको पुनरवलोकन

प्रस्तुत अध्यायमा अवधारणागत विशेष शब्दावली, प्रायोगिक कार्यको पुनरावलोकन, सैद्धान्तिक कार्यको पुनरावलोकन, पूर्वकार्य पुनरावलोकनको उपयोगिता र अध्ययनको अवधारणात्मक ढाँचा समेटिएका छन् ।

अवधारणागत विशेष शब्दावली

उखान : लोकजीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला उक्ति, लोकोक्ति, आहान वा कहावत (नेपाली बृहत् शब्दकोश, २०७७) लाई उखान भनिएको छ ।

टुक्का : टुक्काले अभिव्यञ्जनापूर्ण टुक्रे (मुखलाग्नु, नाक काट्नु आदि) वाक्य वा वाक्यांश (नेपाली बृहत् शब्दकोश, २०७७) भन्ने जनाउँछ ।

आधारभूत : आधारभूत शब्दले आधार भएको आश्रयस्वरूप/जग बनेको वा पृष्ठभूमि तयार भएको (नेपाली बृहत् शब्दकोश, २०७७, पृ. १०३) भन्ने अर्थ दिन्छ ।

तह : कुनै क्रियाकलाप वा वस्तुको निर्धारित स्तर वा स्थान (नेपाली बृहत् शब्दकोश, २०७७, पृ. ५६६) लाई तह भन्ने गरिन्छ ।

कक्षा : कक्षा भनेको पढ्ने र पढाउने ठाउँ (नेपाली बृहत् शब्दकोश, २०७७, पृ. ११७५) हो ।

विद्यार्थी : नियमित रूपले विद्या आर्जनमा लागिरहने व्यक्ति वा शिक्षणसंस्थामा अध्ययनरत व्यक्ति, छात्र वा शिष्य (नेपाली बृहत् शब्दकोश, २०७७, पृ. ११७५) नै विद्यार्थी हो ।

क्षमता : क्षमताले कुनै काम गर्ने वा केही धारण गर्न सक्ने शक्ति वा विशेष सामर्थ्य (नेपाली बृहत् शब्दकोश २०७७, पृ. १३८२) लाई जनाउँछ ।

प्रायोगिक कार्यको पुनरावलोकन

यसमा प्रायोगिक कार्यको पुनरावलोकन उपशीर्षकसम्बद्ध विषय समेटिएका छन् ।

शर्मा (२०६२) द्वारा लिखित *सङ्खुवासभा जिल्लामा प्रचलित उखानको सङ्कलन वर्गीकरण र विश्लेषण* नामक शोधपत्रमा सङ्खुवासभा जिल्लामा प्रचलित जनजिब्रोमा सीमित रही विभिन्न ठाउँमा छरिएर रहेका उखानहरूको सङ्कलन गर्नु, सङ्खुवासभा जिल्लामा प्रचलित उखानले त्यहाँको जनजीवनमा पारेको प्रभावकारी विवेचना गर्नु जस्ता उद्देश्यहरू राखिएका छन् । उक्त शोधपत्रमा सङ्खुवासभा जिल्लामा प्रचलित उखानहरूको सङ्कलन क्रममा क्षेत्रीय पुस्तकालयीय अध्ययन कार्यको प्रयोग गरिएको छ । क्षेत्रीय पुस्तकालयीय अध्ययनको क्रममा मौखिक अन्तर्वार्ता, प्रश्न शोधपत्र आदिबाट सामग्री सङ्कलन गरिएको छ । यसबाट प्रस्तुत शोधपत्रको जनसङ्ख्या छनोट गर्न सहयोग पुगेको छ ।

ढुङ्गेल (२०६३) द्वारा *निम्न माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काहरूको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधमा निम्न माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समावेश भएका उखानटुक्काहरूको सङ्कलन गर्नु, उक्त पाठ्यपुस्तकमा समावेश भएका टुक्काहरूको बनोट केलाउनु र प्रयुक्त उखानटुक्काको सन्दर्भगत अर्थ केलाउनु गरी तीन उद्देश्यहरू रहेका छन् । उक्त शोधपत्रमा उखानटुक्काको सैद्धान्तिक व्याख्या विश्लेषण गर्न पुस्तकालयीय अध्ययन पद्धतिको उपयोग गरिएको छ । उक्त शोधपत्रमा नेपाली पुस्तकमा प्रयोग भएका जम्मा ११६ ओटा उखानटुक्काहरू सङ्कलन गरी व्याख्या विश्लेषण गर्दै निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रले प्रसङ्गअनुसार प्रयोग गरिएका उखानटुक्काहरूले नेपाली भाषा शिक्षणलाई व्यावहारिक प्रभावकारी बनाउने भएकाले पाठ्यपुस्तकमा प्रसङ्गअनुसार उखानटुक्काको प्रयोग गर्नुपर्ने सल्लाह दिइएको छ । यसबाट प्रस्तुत शोधपत्रको अध्ययन विधि निर्माण गर्न सहयोग पुगेको छ ।

पन्थी (२०६५) द्वारा *गुल्मी जिल्लामा प्रचलित टुक्काहरूको अध्ययन* नामक शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा गुल्मी जिल्लामा प्रचलित टुक्काहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्दै टुक्काले त्यहाँको जनजीवनमा पारेको प्रभाव र भाषिक क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्नु उद्देश्यका रूपमा राखिएको छ । वर्णनात्मक र

पुस्तकालयीय अध्ययन विधिका आधारमा उक्त शोधपत्रमा टुक्काहरूलाई रूपात्मक र विषयवस्तु गरी र विभिन्न किसिमले वर्गीकरण गर्नुका साथै एकपदीय, अनेकपदीय, क्रियायुक्त र क्रियामुक्त गरी विभाजन गरिएको छ । उक्त अध्ययनमा संस्कारमा आधारित, परम्परामा आधारित, ऐतिहासिक घटनामा आधारित, पौराणिक घटनामा आधारित, आर्थिक स्थितिमा आधारित टुक्काहरूको सङ्कलन गरी वर्गीकरण गरिएको छ । उक्त अध्ययनमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रयोग क्षमता कमजोर रहेको निष्कर्ष निकालेको पाइन्छ । यसबाट प्रस्तुत शोधपत्रको सीमाङ्कन निर्माण गर्न सहयोग पुगेको छ ।

भण्डारी (२०६५) द्वारा *निम्न माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काको पहिचान र प्रयोग क्षमताको अध्ययन*मा कक्षा छ, सात र आठको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्कालाई प्युठान जिल्लाभित्रका तीनवटा सामुदायिक तीनवटा संस्थागत विद्यालयका १८० जना विद्यार्थीहरूमा प्रयोग भएको पाइयो । निम्नमाध्यमिक तहको पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्कालाई सङ्कलन, वर्गीकरण विश्लेषण र विद्यार्थीहरूको क्षमताको पहिचान उद्देश्य राखी वर्णनात्मक विधि पुस्तकालय अध्ययन विधिको प्रयोग गरी शोधकार्य गरेका छन् । समग्र विद्यार्थीको उखानटुक्का प्रयोग क्षमता प्रतिशताङ्क स्थिति गणना गर्दा उनीहरूको उखानटुक्का प्रयोग क्षमताका लागि पाठ्यपुस्तक मात्र नभई उखानटुक्कासम्बन्धी अन्य पाठ्यपुस्तकको पनि प्रयोग गरी निरीक्षण गर्नुपर्ने सुझाब दिएको छ । पाठ्यपुस्तकका उखानटुक्काको सङ्कलन गरी विद्यार्थीहरूको प्रयोग क्षमता गरिएको छ । निष्कर्षका रूपमा सबै उखानटुक्काहरू विद्यार्थीहरूको प्रयोग क्षमता भित्र नरहेको देखियो । यसबाट प्रस्तुत शोधपत्रको सैद्धान्तिक अवधारणा तयार पार्न सहयोग पुगेको छ ।

नेपाल (२०६६) द्वारा *पाल्पा जिल्लाका मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्काको प्रयोग क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र गरिएको छ । पाल्पा जिल्लाभित्रका तिनओटा सरकारी र तीनओटा निजी विद्यालयका जम्मा १२० जना विद्यार्थीहरूमा प्रयोग गरी तथ्य सङ्कलन गर्ने तथा तथ्याङ्कलाई विश्लेषण गर्नका लागि प्रतिशत गणना, मध्यमान, मानक विचलन तथा तथ्याङ्क शास्त्रीय विश्लेषणलाई आधार मानिएको छ । नमुना सर्वेक्षण विधि, पुस्तकालयीय अध्ययन विधि र वर्णानात्मक विधिको

प्रयोग गरी यो अनुसन्धान गरिएको छ । यसकारण उखानटुक्का प्रयोगको लागि नेपाली पाठ्यपुस्तक मात्र नभई उखानटुक्का प्रयोग भएका अन्य पुस्तकहरूको पनि प्रयोग गरी शिक्षण गर्नुपर्ने कुरामा जानकारी दिन यो शोधपत्र महत्त्वपूर्ण भूमिका निर्वाह गर्न उपयोग गरिएको छ । यसबाट प्रस्तुत शोधपत्रको व्याख्या विश्लेषण गर्न सहयोग पुगेको छ ।

शाह (२०७६) द्वारा *माध्यमिक तहका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता* शीर्षकको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा सामुदायिक र संस्थागत गरी ४ विद्यालयबाट १०-१० का दरले जम्मा ४० जना विद्यार्थीहरू छनोट गरिएको छ । शोधपत्रको रूपरेखाअन्तर्गत अध्याय एकमा शोध परिचय, अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय, अध्याय तिनमा अध्ययनको विधि र प्रक्रिया, अध्याय चारमा उखानट'क्काको सङ्कलन र विभिन्न आधारमा वर्गीकरण, अध्याय पाँचमा समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन, अध्याय ६, ७ र ८ मा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलनात्मक अध्ययन, विद्यालय प्रकृतिका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ र अन्तिम अध्याय आठमा सारांश, निष्कर्ष र उपयोगितालाई प्रस्तुत गरिएको छ । यसरी गरिएको अध्ययनमा छात्राभन्दा छात्रको उखानटुक्काको प्रयोग क्षमता राम्रो रहेको कुरा उल्लेख गरिए तापनि छात्र छात्रा दुबै विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो देखियो साथै प्रस्तुत शोध अध्ययन स्थानीय तहदेखि राष्ट्रिय तहसम्म महत्त्वपूर्ण हुन सक्छ भनेर उपयोगिता झल्काइएको छ भने यसले शिक्षक र विद्यार्थीहरूलाई भाषाको शिक्षण सिकाइका क्रममा पृष्ठपोषण प्रदान गरी शिक्षण गर्ने कुरामा मदत पुऱ्याउने कुराको व्याख्या गरिएको पाइयो । यस अध्ययनमा छात्राभन्दा छात्रको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको निष्कर्ष रहेको छ । यसबाट प्रस्तुत शोधपत्रको उद्देश्य निर्धारण गर्न सहयोग पुगेको छ ।

पराजुली (२०३९) द्वारा तयार पारिएको *नेपाली उखान र गाउँखाने कथा* पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकमा उखानटुक्का शीर्षक दिएर टुक्कालाई वाक्यांशका रूपमा चिनाउने काम गर्नुको साथै टुक्काको भाषिक महत्त्व र विशेषताको बारेमा पनि उल्लेख गरेको टुक्कालाई क्रियायुक्त र क्रियायुक्त गरी दुई किसिमको वर्गीकरण गर्दै तिनको अर्थ र नमुना उदाहरण दिएको छ ।

पौड्याल (२०६१) द्वारा लिखित *नेपाली टुक्काहरूको सर्वेक्षण र विश्लेषण* नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकमा टुक्काको परिचय उखानटुक्कामा समानता र भिन्नता तथा स्वरूपका आधारमा उखानटुक्काको वर्गीकरण, टुक्काहरूको भाषिक संरचना, अर्थगत वर्गीकरण, टुक्काहरूको अर्थ र प्रयोग आदिको बारेमा प्रकाश पारिएको छ । प्रस्तुत पुस्तकले बनोट र स्वरूपको आधारमा स्तर उखानट'क्काको वर्गीकरण गर्न टुक्काहरूको अर्थ बुझ्न र प्रयोग गर्न उपयोग गरिएको छ ।

पौड्याल (२०६९) द्वारा लिखित *नेपाली उखान सङ्केत* नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकमा उखानको परिचय र विभिन्न प्रकारका उखानहरू समावेश गरिएको छ । प्रस्तुत पुस्तकबाट उखानको पहिचान गर्न, विभिन्न आधारमा उखानहरूको वर्गीकरण गर्ने उपयोग गरिएको छ ।

लुइटेल र गौतम (२०७५) मा *शैक्षिक नेपाली व्याकरण* नामक पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकमा उखानटुक्काको परिचय उदाहरण सहित दिइएको छ र नेपाली उखानटुक्काहरू र तिनको सन्दर्भगत अर्थ र प्रयोगको बारेमा प्रस्ट पारिएको छ । यसरी उक्त पुस्तकबाट उखानटुक्काको परिचय थाहा पाउन र तिनीहरूका विभिन्न आधारमा वर्गीकरण गर्नुका साथै अर्थ केलाउनका लागि समेत उपयोग गरिएको छ ।

सैद्धान्तिक कार्यको पुनरावलोकन

उखान

लोकजीवनमा परम्परादेखि प्रयोग भइआएको लोकअनुभवको सूत्रात्मक, गहकिलो र विशिष्ट भाषिक अभिव्यक्तिलाई उखान भनिन्छ । उखान लोकसाहित्यको एक स्वतन्त्र र महत्त्वपूर्ण विधि हो । उखानलाई ज्ञान र अनुभवको खानी भनिन्छ । उखान वाक्यस्तरका संरचना भएकाले लोक साहित्यका अन्य विधा र लिखित साहित्यमा पनि प्रमाण, तर्क र दृष्टान्तका रूपमा प्रयोग भइआएका छन् । बोलीचालीमा उखानलाई प्रयोग गर्दा कथन झनै प्रभावकारी हुने हुँदा उखान भाषाका गहना मानिन्छन् । संसारका सबै भाषा साहित्यमा उखानको विशिष्ट स्थान रहेको हुन्छ (लामिछाने, २०६९, पृ. १३) । उखान लोकसाहित्यको एक स्वतन्त्र र महत्त्वपूर्ण विधा हो । बोलीचालीमा उखानलाई प्रयोग गर्दा कथन झर्ने प्रभावकारी हुने हुँदा उखान भाषाका गहना मानिन्छन् ।

उखान लिखित साहित्यमा पनि प्रमाण, तर्क र दृष्टान्तका रूपमा भइआएका छन् । नेपाली भाषामा उखानटुक्काको स्थान विशिष्ट रहेको छ । यस्तो विशिष्ट स्थान रहेको उखानलाई निम्न आधारमा वर्गीकरण गरिएको छ ।

आकारगत आधारमा : सबै उखानहरू एकै आकारका हुँदैनन् । उखानलाई छोटो छरितो लोक रचना भनिए पनि आकारगत आधारमा कुनै उखान कम्तिमा दुई पद (शब्द) सम्मका छोटा पनि छन् र कुनै पाँच-सात हरफसम्मका लागि पनि छन् । यसैले नेपाली उखानलाई छोटा, मझौला र लामो आकारमा गरी तीन वर्गमा समेट्न सकिन्छ ।

छोटा आकारका उखान : छोटा आकारका उखान भन्नाले प्रभावमा चोटिला तर शब्दका हिसाबले तीन शब्दसम्मका उखानलाई बुझिन्छ । यस्ता उखानहरू आकारगत हिसाबले साना भए पनि तिनको प्रभावकारितामा कम हुन्न । छोटा छरिता भईकन पनि प्रभावकारी हुन् यस्ता उखानका विशेषता नै हो ।

उदाहरण :

१) काटेको घाउमा नुनचुका

२) चौरमाथि चकार ।

३) अल्याविधा भयङ्करी

मझौला आकारका उखान : नेपाली उखान क्षेत्रमा प्रायजसो उखान मझौला आकारका नै छन् । यस्ता उखानमा तीनभन्दा बढी शब्द र तीन चार, वाक्य वा हरफ भन्दा कम हरफ हुन्छन् । ठुला पनि होइनन् र साना पनि होइनन् ठिक्क आकारका हुन्छन् मझौला उदाहरण :

१) अँगार खाएपछि अँगार्रे हुन्छ ।

२) अल्छी तिघ्रो स्वादे जिब्रो

३) आँखा लोभी मन पापी ।

लामा आकारका उखान : लामो आकारमा उखानहरू बढी वाक्य र हरफहरू भएका उखान हुन् । यिनीहरू अरू उखानको तुलनामा कम नै हुन्छन् । लामो आकारका उखानहरू

प्रभावकारी र चोटिला हुन्छन् । आकारगत रूपले लामो भएपनि यसको प्रभावकारितामा कुनै कमी हुँदैन ।

उदाहरण :

- तर सर बुहारी, काख चेलो छ,
- पर सर बुहारी, काख चेलो छ
- खान लाग्यो बुहारी, बराजुको थालकता छ ?

विषय वा कथ्यका आधारमा : उखान भनेकै कुनै विषयवस्तुका केही भन्न कै लागि प्रयोग गरिन्छ । उखानको मूल अप्रिप्राय त्यसको कथ्य हो । त्यसैले विषय वा कथ्यका आधारमा उखानको वर्गीकरण गर्नु महत्त्वपूर्ण हुन्छ । विषय वा कथ्यका आधारमा उखानको वर्गीकरण यसप्रकार छन् :

लोकविश्वास सम्बन्धी उखान : नेपाली समुदाय शिक्षित वा अशिक्षित जे भए पनि अनेक ज्ञान, विचारमा विश्वास राख्दछ । उनीहरूको ईश्वरप्रतिको आस्था धार्मिक प्रभाव, भाग्यमाथिको भरोसा, अनुभवजन्य भावना र विचारबाट लोकविश्वासको निर्माण भएको छ । लोकको आस्था वा विश्वास नै लोक विश्वास हो ।

उदाहरण :

- लोक विश्वास नै नेपाली उखानको ठूलो समुद्र हो ।
- अमला खाएको र ठूला बडाले भनेको पछि मीठो हुन्छ ।
- आफू नमरी स्वर्ग देखिन्न ।
- आफै बोक्सी आफै धामी ।

पशुपन्छी तथा प्रकृतिजगत् सम्बन्धी उखान : प्रकृति, प्रकृतिजगत र जीवजन्तुको सम्बन्ध आदिम कालदेखि नै चलिआएको छ । नेपाली उखानमा यस्ता प्रकृतिका बोटविरुवा, चराचुरुङ्गी, जीवजन्तु, जलवायु, घामपानी, घरपालुवा, पशुपन्छी सम्बन्धी उखानहरू प्रशास्तै छन् । यस्ता विषयवस्तुलाई समेटिएर थुप्रै उखानटुक्काहरू हामी माझ लोकप्रिय रहेका छन् । यस्ता प्रकृति र पशुपन्छीलाई समेटिएर बनेका उखानले नेपाली लोकसमाजका

कथनलाई तिख्खर बनाएको छ । यस्ता उखानमा प्रकृति जगतका विषयलाई विश्वका रूपमा लिए पनि लक्ष्यार्थ मानिसका लागि रहेको पाइन्छ ।

उदाहरण :

- आगो पार्न सजिलो पानी पार्न गाहारी ।
- आयुको छोरालाई वायुले खादैन ।
- उत्ताउलो गाई बाघले खाई

कृषक र कृषि- व्यवसाय सम्बन्धी उखान : नेपाल कृषिप्रधान देश हो । धेरै नेपालीहरूको आम्दानीको स्रोत कृषि नै हो । नेपाली उखानले धेरै क्षेत्र कृषिले नै समेटेको छ । देशअनुसारको भेष भनेझै कृषि प्रधान विषयले वा भनो कृषिका अनुभव, अवस्था, खेतीपातीको महत्त्व, पशुपालन जसता कृषि क्षेत्रमा आधारित भएर उखानट'क्काहरू प्रयोग भएका छन् ।

उदाहरण :

- अनिकालमा बीउ जोगाउनु, हुलमुलमा जीउ जोगाउनु ।
- अल्छी तिघ्रो, स्वाद जिब्रो ।
- कुन न खेती फल्याङ्ग्राले भेटी

नैतिक शिक्षामूलक उखान : नैतिकताले मानिसलाई सही मार्गमा डोऱ्याउँछ । नेपाली उखानले व्यावहारिकता र उपयोगी सरसल्लाह र मागदर्शन पनि प्रदान गर्ने हुनाले नेपाली उखानलाई आदर्शका रूपमा पनि लिइन्छ । यसले खाली मनोरञ्जन र कथनलाई रसिलो मात्र नबनाई जीवनयापनलाई व्यावहारिक पनि बनाउँछ । नेपाली समाज इतिहासकालदेखि नैतिकवान र चरित्रवान रहिरहेको छ । आजका दिनसम्म पनि यसै परम्परालाई अगाडि बढाउन नेपाली उखानले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

उदाहरण :

- अर्कालाई सिकाउनु, आफूलाई चिनाउनु ।
- अड्नेका साथ अड्नू, हिड्नेका साथ हिँड्नु ।
- अति गर्नु अव्याचार नगर्नु ।

सामाजिक असमानता/जातपात र छुवाछुत सम्बद्ध उखान : नेपाली उखानले प्रायः समसामयिक र जल्दाबल्दा समस्यालाई पनि समेटेको छ । एउटा समाज बन्नका लागि जात, जाति, र समुदाय मिल्नु पर्दछ । यसरी बनेको समाजमा असमानता- छुवाछुत र जातीय विभेद रहेको देखिन्छ । यस्ता समाजमा रहेको शोषण दमन-उत्पीडन र सामाजिक, आर्थिक असमानतालाई पनि उखानले ऐनाले जस्तै हर्लङ्ग पारेको छ ।

उदाहरण :

- अर्तीका कुरा धर्तीको पनि लिनु पर्छ ।
- कामीको बिहे अट्ठार खाँचो ।
- कुमालेको गाउँमा हाँडीका दुख ।

छोराछोरीमा विभेद सम्बद्ध उखान : नेपाली समाजमा जति नै लैङ्गिक समानताको आदर्श फुके पनि आज पनि एउटै आमाको कोखबाट जन्मेको छोराछोरीमा पनि विभेद कायमै छ । यस्ता विभेदलाई नेपाली उखानले उदाङ्गो पार्ने कार्य गरेको छ ।

उदाहरण :

- छोरा पाए खसी काट, छोरी पाए फर्सी काट ।
- छोरी मरी अर्काकी घरमा परी ।
- ढिलो होस् थोरै होस् ।

धर्मसंस्कृति सम्बन्धी उखान : नेपाली धार्मिक सहिष्णेताको देश हो । यहाँ मानिसहरू विभिन्न धर्म र संस्कृतिका छाया मुनि रहेर हुर्केका छन् । यस्ता कुराहरूलाई नेपाली उखानले पनि समेटेको छ ।

उदाहरण :

- आयो देशैँ ढोल बजाई, गयो दसैँ रिन बोकाई ।
- प्रेरतको सम्पति, जजमानको विपति ।

ज्ञान विज्ञान सम्बन्धी उखान : नेपाली उखान खाली विचार र बोलीमा मात्र सीमित रहेको छैन । यसले आफ्नो रूप विकसित गर्दै ज्ञान विकाससम्म आफ्नो सीमा फैलाएको छ । कि पढेर जानिन्छ कि परेर जानिन्छ भन्ने उखानले अनुभव वा प्रयोग परीक्षणको महत्त्वलाई पढाइ वा सिकाइसित सँगै उभ्याएको छ । यस्ता अनुभवबाट प्राप्त ज्ञान नै उखान हुन् । यस्ता उखान पनि थुप्रै समूहमा रहेका छन् ।

उदाहरण :

- आग लागी झुपडी डेढ घडी भद्रा ।
- पानी भन्दा पातलो कुरा ।
- खाई सार कि लाई सार ।

स्थान सम्बन्धी उखान : कुनै खास ठाउँ वा स्थानलाई महत्त्व दिएका उखानलाई स्थान सम्बन्धी उखान भनिन्छ । यस्ता उखान कुनै न कुनै भौगोलिकमा बस्ने लोक समुदायबाट जन्मेका हुन्छन् । यस्ता उखानहरू सीमित र कालान्तरमा हराउन पनि सक्छन् ।

उदाहरण :

- अन्तका वापति, चितवनका सभापति ।
- आकाशको फल आँखा तरी मर ।
- इन्द्रको अगाडि स्वर्गको बयान ।

धर्म, भाग्य र ईश्वरमा विश्वास सम्बद्ध उखान : नेपाली उखानले इतिहास कालदेखि नै धर्ममा, भाग्यमा ईश्वरमा आस्था राख्दै आएको छ । यसको स्पष्ट रूप उखानमा भेट्न सकिन्छ ।

उदाहरण :

- दया न धर्म, ठूलो कर्म ।
- पापीको मनमा पाप
- पञ्चमीका पाइला गन्नु

स्वार्थी प्रवृत्ति र धनको धाक सम्बद्ध उखान : नेपाली उखानमा नेपाली समाजमा धनी र गरिब, स्वार्थी प्रवृत्तिका मानिसहरूको जुन जमात छ र तिनीहरूले देखाउने रवाफलाई पनि समेटिएको छ ।

उदाहरण :

- आफ्नो काम बन्छ भने कोरीको पाउ मल्छ ।
- बेलेको आगो सबै ताप्छन् ।
- सित्तैमा पाए तीन माना चुक खाने ।

विषयवस्तुको स्रोतका आधारमा : उखानको स्रोत भनेकै विभिन्न विषयवस्तु हो । विभिन्न भनाइ वा कथनलाई प्रस्तुत गर्नका लागि नै उखान बनेको हुन्छन् । विषयवस्तुका आधारमा पनि उखानलाई वर्गीकरण गरिएको छ ।

पुराण : संस्कृत भाषाकै रूपान्तरित रूपनै नेपाली भाषा हो । कति संस्कृत भाषाकै भनाइहरू जस्ताको त्यस्तै प्रचलनमा आएका छन् । पुराणका प्रसिद्ध घटना, पात्र र विषयले पनि नेपाली उखानलाई समूह बनाउन मदत पुऱ्याएको छ । यस्ता उखानहरू कतिपय संस्कृत मानै र कतिपय संस्कृतबाट नेपालीमा रूपान्तरित भएका छन् ।

उदाहरण :

- आफू भने थाङ्ने, सतीदेवी भाग्ने ?
- इन्द्रका अगाडि स्वर्गको बयान ।

इतिहास : उखानमा इतिहासका घटना, व्यक्ति र विषयलाई समेटिएको छ जसले गर्दा युवापिँढीलाई ऐतिहासिक घटना र विषयवस्तु बुझ्न पनि सहज भाएको छ । यस्ता

उखानमा ऐतिहासिक घटनाको मिति भन्ने उल्लेख गरिएको हुँदैन । इतिहास पनि नेपाली उखानको दरिलो स्रोत हो ।

उदाहरण :

कि गोठको राज कि कोटको राजा (सन्दर्भ-द्रव्य शाह) जङ्गेले बोलेपछि बोल्या-बोल्यो । (सन्दर्भ- जङ्गबहादुर) देखौला नि पाँडेको दीर्घायु । (सन्दर्भ- काजी दाभोदर पाँडे)

समाज : नेपाली उखानलाई समाजको पर्यायका रूपमा पनि लिइन्छ वा भनौं ऐनाको रूपमा पनि लिइन्छ । समाजका सबै व्यवहार, चालचलन, लवाइ-खवाइ, उठ-वस मानीय प्रवृत्ति, मानवीय व्यवहारलाई विषय बनाइका उखानलाई जस्ताका त्यस्तै देखाउने कायै उखानले गरेको छ ।

उदाहरण :

- अंशको झगडा वंश रहेसम्म,
- अरूको लाख, आमाको काख ।
- आए बाउको, गए साउको ।

उखानका विशेषताहरू

उखान जस्तो लोकप्रचिलत विधको आफ्नै महत्त्व र विशेषता रहेको छ । विद्वानहरूले उखानका थुप्रै विशेषताहरू देखाएका छन् । नेपाली उखानका प्रमुख विशेषताहरू यस प्रकार रहेका छन् ।

ज्ञान- भण्डारका रूपमा रहनु : उखान ज्ञान- भण्डारका स्रोत हुन् । उखानले कुनै शास्त्र पढेर होइन मानिसले भोगेका, अनुभव गरको सुनेका र देख जानेका होइन मानिसले भोगेका, अनुभव गरेका हुन्छ । किताब पढेर मात्र ज्ञान प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई नकार्दै उखानले कतिपय कुराहरू भोगेर, अनुभव प्राप्त गरेर पनि ज्ञान हासिल गर्न सकिन्छ भनि विश्वास दिलाएको छ । ज्ञानको अन्य स्रोत भन्दा अनुभव विश्वासिलो स्रोत हो ।
उदाहरण :

- हतपतको काम लटपत

- अन्धेर नगरी अन्धा राजा

सङ्क्षिप्तता र सरलता : सङ्क्षिप्त र सरल हुनु नै उखानको प्रमुख विशेषता हो । सङ्क्षिप्त तर आफैमा पूर्ण भनाई र सबैले बुझ्न सक्नु नै उखानको महानता हो । सूत्रबद्ध वा सङ्क्षिप्त भएर पनि कठिन नभई सरल भएकाले नै आज जनमानसमा उखान लोकप्रिय बनेको छ ।

उदाहरण :

- हात्ती आयो, हात्ती आयो फुस्सा ।
- कुरा सुन्नु बुढाको आगो ताप्नु मुढाको

सार्वभौमिकता र सार्वकालिकता : उखानको अर्को महत्त्वपूर्ण विशेषता नै सार्वभौमिकता र सार्वकालिकता हो । उखान फरक स्थान, फरक जाति र फरक वा भनौँ भिन्न समयमा पनि प्रयोग हुन सक्नु यसको खुसी हो ।

उदाहरण :

- हुने हार, दैव नटार
- जङ्गलमा मङ्गल
- बाँदरका हातमा नरिवल

जीवन्तता : उखानले भाषिक अभिव्यक्तिलाई जीवन्त, प्रभावकारी र अर्थपूर्ण बनाउने कारणले पनि उखानको मूलभूत विशेषता भित्र जीवन्तता पनि पर्दछ ।

उदाहरण :

- खाई न पाई छालाको टीपी लाई

रूपगत विविधता : उखान प्रयोग गर्न छिटो-छरितो, तार्किक र सानो आकारको हुनु नै यसको रूपगत विविधता हो । यो उखानको महत्त्वपूर्ण विशेषता हो । सङ्ख्या कम वा बढी जे भएपनि उखानमा रूपगत विविधता हुनु नै महत्त्वपूर्ण मानिन्छ ।

उदाहरण :

- जता मुल्कु उतै ढल्कु ।(तुकन्दीयुक्त)
- तँ रानी मै रानी, को भई कुवा को पानी खुकबन्दी युक्त

सन्दर्भ परकता : विशेष विशेष सन्दर्भमा उखानको प्रयोग हुनु नै सन्दर्भपरकता हो । बोलीचालीको खास सन्दर्भमा खास खास उखानको प्रयोग हुनु नै यसको विशेषता हो । त्यसैले सन्दर्भ परकता पनि उखानको महत्त्वपूर्ण विशेषता हो ।

टुक्का

वाक्यमा प्रयुक्त भई भाषिक अभिव्यक्तिलाई विशिष्ट तुल्याउने पदसमूहात्मक भाषिक उपकरण नै टुक्का हो । टुक्का विशेष अर्थमा रुढ भएको हुन्छ । वाच्यार्थभन्दा बैग्ले लक्ष्यार्थका निम्ति प्रयुक्त हुने दुई वा दुईभन्दा बढी पदहरूको समूहलाई टुक्का भनिन्छ (लामिछाने, २०५८, पृ. ९१) ।

टुक्का कुनै बोली या भाषामा प्रयुक्त हुने त्यो अपूर्ण वाक्य खण्ड हो, जसले आफ्नो उपस्थितिबाट समस्त वाक्यलाई सबल, सहज, रोचक र चुस्त बनाइदिन्छ (उपाध्याय, १९७७ पृ. १८९) । समग्रमा वाक्यमा प्रयुक्त भई भाषिक अभिव्यक्तिलाई विशिष्ट तुल्याउने भाषिक उपकरणलाई टुक्का भनिन्छ । टुक्का पदसमूहात्मक र विशेष अर्थमा रुढ भएको हुन्छ । स्वतन्त्र अर्थ भएका खास खास शब्दसित खास खास क्रियाको योग भई लक्ष्यार्थ प्रदान गर्ने तथा भाषिक अभिव्यक्तिलाई तिख्खर पार्ने कार्य टुक्काले गर्दछ (लामिछाने, २०६९, पृ. ९२) ।

खास खास शब्दहरूको संयोजनबाट टुक्का बन्दछ । टुक्काले अभिव्यक्तिलाई विशिष्ट तुल्याउने कार्य गर्दछ । टुक्काले अभिधार्य भन्दा लक्ष्यार्थ प्रकट गर्दछ । यसको एक्लै प्रयोग नभएर वाक्यमा प्रयोग हुन्छ । वाक्यलाई मिठासपूर्ण बनाउन यसको अहम भूमिका रहन्छ ।

टुक्काको वर्गीकरण

पदसङ्ख्याका आधारमा

शब्दक्रमका आधारमा : शब्दक्रमहरूको रखाइका आधारमा पनि टुक्काको वर्गीकरण गरिएको छ । जस्तै नाक+क्रिया = कमर कस्नु

नाम+ विभक्ति + क्रिया = ओठमा झन्डिनु (नाम +विशेषण +क्रिया = आँखा टेढी पार्नु (नाम+अव्यय +क्रियापद = आँखा चिम्लेर बस्नु यसरी शब्दहरूको रखाइका आधारमा वा शब्दक्रमका आधारमा पनि टुक्कालाई छुट्टाइन्छ ।

शब्दको विषय सन्दर्भका आधारमा : विभिन्न विषयवस्तुका आधारमा पनि टुक्कालाई वर्गीकरण गरिएको छ । जस्तै अङ्ग प्रत्यङ्ग सम्बन्धी, समाजसम्बन्धी, संस्कृति सम्बन्धी, पुराण सम्बन्धी आदि ।

शरीरका अङ्गप्रत्यङ्ग सम्बन्धी : शरीरका अङ्गप्रत्यङ्ग सम्बन्धी टुक्काहरूको सङ्ख्य नेपाली टुक्का क्षेत्रमा वृहत मात्रामा रहेको छ । शरीरका बाहिरी अङ्गहरू जस्तै अनुहार, आँखा, कपाल, टाउको कान, काखी, जस्ता अङ्गहरू आदि समेतलाई विषयसन्दर्भ बनाई टुक्का बनेका छन् ।

उदाहरण :

जुँगा- जुँगा आउनु

कान- कान दिनु

काखी- काखी च्याप्नु

अनुहार- अँध्यारो अनुहार लाउनु

समाज सम्बन्धी : समाजमा रहेका विभिन्न सन्दर्भसँग सम्बन्धित टुक्कालाई समाजसम्बन्धी टुक्कामा राख्न सकिन्छ । समुदायका भावना, मिलन-विछोड, लेन-देन, उठ-बस व्यापार व्यवसाय, अवस्था चाहे त्यो आर्थिक होस वा सामाजिक सबै समाजिक वर्गमा रहन्छन् ।

उदाहरण :

आँखाको कसिङ्गर हुनु

आँखाको नानी हुनु,

आँखा खल्नु

संस्कृति सम्बन्धी : हाम्री देश नेपाल सांस्कृतिक विविधताले भरिएको देश भएकाले हाम्रो समाजका चाडपर्व, मूल्यमान्यता रीतिथिति, परम्परागता जस्ता सन्दर्भ समेटिएको टुक्काहरूलाई सांस्कृतिक टुक्कामा राख्न सकिन्छ ।

उदाहरण :

- अलख जगाउनु
- कुशको बाहुन हुनु,
- खाँडो जगाउनु

पुराण सम्बन्धी : पुराण सम्बन्धी टुक्कामा हिन्दु पुराणसित सम्बन्धित घटना पात्र, सन्दर्भ समेटिएको हुन्छ । यस्ता टुक्काले मानवीय मनोभाव, प्रवृत्ति र स्वभाव आदिलाई नै बुझाउँछन् ।

उदाहरण :

- अगस्ति हुनु
- कंस हुनु
- कुम्भकर्ण हुनु
- गङ्गाजल छुनु आदि ।

लोकविश्वाससम्बन्धी : नेपाली समाजमा विभिन्न पाप-धर्म, दिन-दशा, भूत-प्रेत, धामी-झाक्री, बोक्सी, सकुन- अपशकुन, भाग्य र जीवन जगसम्बन्धी आफ्नै लोकविश्वास रहिआएको छ । लोकविश्वासम्बन्धी टुक्कामा यिनै सन्दर्भलाई जोडिएको छ ।

उदाहरण :

- अछेतापानी छर्कनु
- छिटो हाल्नु,
- टपरी टक्टक्याउनु
- धर्म कमाउनु आदि

प्रकृति सम्बन्धी : नेपाली टुक्काहरूको एउटा पाटो प्रकृतिका विभिन्न विषय र पक्षसित गाँसिएर आएका छन् । प्रकृतिसँग सम्बन्धित भए पनि यस्ता टुक्काले मानवीय प्रवृत्ति र स्वभावलाई दर्शाएको हुन्छ ।

उदाहरण :

- सङ्केत आगो हुनु
- आगोमा घिउ हाल्नु
- आगो पार्नु

पशुपन्छी र जीवन जन्तु सम्बन्धी : नेपाली टुक्काको एउटा पक्षमा पशुपन्छि र जीवनजन्तुसँथै समबिन्धत टुक्का रहेका छन् । यस्ता टुक्काहरू परापूर्वकालदेखि नै नेपाली जनजीवनका प्रचलित रहेका छन् ।

उदाहरण :

- गोहीका आँसु झार्नु
- साँढेको फल झर्नु
- कागको फुल चोर्नु

यस्ता टुक्कालाई पशुपन्छी र जीवजन्तु मार्फत मानका इच्छा आकाङ्क्षा, उसका भनीभावना र प्रवृत्तिलाई सम्बोध गरेका छन् ।

आजीविकासम्बन्धी, टुक्का : नेपाल कृषिप्रधान देश हो । यहाँका अधिकाश जनजीवन कृषिमा आश्रित रहेका छन् । खेतीपाती, ऋण, साहु, महाजन र गरिब किसानका हातमुख जोर्ने समस्या पनि नेपाली टुक्कामा प्रयोग भएका छन् ।

उदाहरण :

- आसामी उठ्नु
- उँभो लाग्नु
- गाँठी गुमाउनु

टुक्काको संरचक तत्त्व : टुक्का निर्माण हुनका लागि आवश्यक तŒवनै टुक्काको संरचक तŒव हो । जसमा पदसमूह, भाव वा अर्थ सन्दर्भ जस्ता पक्षहरू महत्त्वपूर्ण रहन्छन् । जसरी घर निमाृण हुन इट्टा, वालुवा, माटो पानी आवश्यक हुन्छ । त्यसरी नै टुक्का बन्नका लागि पदसमूह भाव वा अर्थ र सन्दर्भको महत्त्वपूर्ण स्थान रहन्छ ।

पदसमूह : पदहरूको समूह नभई टुक्काको निमार्ण हुँदैन । शब्द मात्र थुपार्दैमा पनि टुक्का बन्न सक्दैन यसका लागि खास खास शब्दसँग खासखास क्रियापदको योग हुनुपर्छ । जस्तै : दुई वा सो भन्दा बढी पद हुने टुक्कामा

नाम +विभक्ति +नाम + क्रिया, विशेषण +नाम +क्रिया

नाम + विशेषण +क्रिया आदि हुन सक्छन् ।

उदाहरण :

- अँध्यारोको काम
- कुवाको भ्यागुतो

भाव वा अर्थ : टुक्काको अर्को महत्त्वपूर्ण संरचक तत्त्वमा भाव वा लक्ष्यार्थ प्रकट गरे पछि बल्ल टुक्का पूर्ण हुन्छ । स्वतन्त्र अर्थ भएका दुई वा दुईभन्दा बढी पदहरू मिलेनर अन्यार्थ प्रदान गर्दछन् ।

उदाहरण :

पदसमूह	वाच्यार्थ
बाघ मार्नु	बाघ मार्ने काम गर्नु
नाक काट्नु	नाक काट्ने काम गर्नु
टुक्का	लक्ष्यार्थ
बाघ मार्नु	ठूलो उपलब्धि हासिल गर्नु
नाक काट्नु	इज्जत फाल्नु

सन्दर्भ : सन्दर्भलाई टुक्काले एक अर्को प्रमुख तŒवका रूपमालिन सकिन्छ । जब भाषिक अभिव्यक्तिमा उचित ठाउँमा तिनलाई सन्दर्भ मिल्ने गरी प्रयोग गरी बल्ल टुक्कामा सार्थकता मिल्छ । टुक्काको प्रयोग वाक्यभित्र हुन्छ । 'मुख लाग्नु टुक्का हो, तर यसको अर्थ

त्यस समयमा स्पष्ट हुन्छ, जब हामी यसलाई आफूभन्दा ठूलाको मुख लाग्नु हुँदैन' भनी वाक्यमा प्रयोग गछौं

उदाहरण :

- जन्मने बित्तिकै शिशुका आँखा खुले ।
- धक्का खाएपछि बल्ल उसका आँखा खुले ।

पूर्वकार्य पुनरावलोकनको उपयोगिता

पूर्वकार्य पुनरावलोकनले प्रस्तुत शीर्षक चयन गर्न सहयोग गरेको छ । यसले उपयुक्त विषयवस्तुको छनोट गरी सोहीअनुसारका उद्देश्यहरू निर्धारण गर्न सहयोग पुऱ्याएको छ । विधि, प्रविधि, पद्धति र प्रक्रिया छनोट गर्ने सिद्धान्तका आधारमा तथ्य सङ्कलन र विश्लेषण गर्न यसबाट सहयोग प्राप्त भएको छ । पूर्वकार्यलाई परिमार्जन गर्दै नयाँ अध्ययन अनुसन्धान गर्न सम्बन्धित अध्ययनलाई थप आयाम दिने र भविष्यका लागि सम्भावित शोध शीर्षकको पहिचान गर्नु पूर्वकार्य अति नै महत्त्वपूर्ण मानिन्छ । साथै अध्ययन अनुसन्धानात्मक अपूर्णतामा पूर्णता प्रदान गर्दै अगाडि बढ्न विभिन्न अध्ययन शैलीका बारेमा स्पष्ट हुन, मागनिर्देशन प्राप्त गर्न पनि यसको महत्त्वपूर्ण स्थान रहेको छ । त्यसैगरी विभिन्न सिद्धान्तको खोजी गर्न र उपयोग गरी शोधपत्र तयार पार्न पूर्वकार्य पुनरावलोकनबाट मार्गदर्शन प्राप्त भएको छ ।

प्रस्तुत शीर्षकमा पहिला भएका कार्यहरूको अध्ययन गर्दा यसमा कुनैमा उखानको मात्र समानता र भिन्नता, वर्गीकरण कुनैमा उखानटुक्काको पहिचान, कुनै शोधपत्रमा टुक्काको भाषिक महत्त्व र विशेषता र कुनै शोधपत्रमा उखानटुक्काको परिचय र तिनीहरूको विभिन्न आधारमा वर्गीकरण, सैद्धान्तिक अवधारणा जस्ता पक्षहरूलाई केलाउने कार्य भए तापनि विद्यार्थीहरूको उखानटुक्का प्रयोगमा देखिएका सरलता, जटिलता र उखानटुक्काको कुन पक्षको प्रयोगमा निम्न, मध्यम र उच्चता पाइयो जस्ता कुराहरू निर्क्योल नगरिएको र उखानटुक्का प्रयोगमा देखिएका र समस्या र निराकरणका उपायहरू नहेरिएकाले प्रस्तुत शोधपत्रमा माथिका कुराहरूलाई ख्याल गरिएको छ र शोधपत्रलाई पूर्णता दिने कार्य गरिएको छ ।

अध्ययनको अवधारणात्मक ढाँचा

प्रस्तुत अध्ययनका लागि देहायबमोजिमका अवधारणात्मक ढाँचा तयार पारिएको छ :



अध्याय तीन

अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत अध्यायअन्तर्गत अध्ययनको ढाँचा र पद्धति, सामग्रीका स्रोत, जनसङ्ख्या र नमुना, सामग्री निर्माण, सामग्रीको पूर्वपरीक्षण, सामग्री परिमार्जन र कार्यान्वयन, तथ्याङ्क सङ्कलन र व्यवस्थापन तथा तथ्याङ्ककको व्याख्या-विश्लेषण उपशीर्षकीय विषयहरू समेटिएका छन् ।

अध्ययनको ढाँचा र पद्धति

प्रस्तुत शोधकार्य सम्पन्न गर्न परिमाणात्मक ढाँचा अवलम्बन गरिएको छ । यसमा पुस्तकालयीय कार्य एवम् स्थलगत गरी दुई अध्ययन पद्धति अपनाइएका छन् ।

सामग्रीका स्रोत

यस अध्ययनका लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएका छन् । उखानटुक्का प्रयोगक्षमताको परीक्षणसम्बद्ध सामग्री प्राथमिक र निर्धारित पाठ्यपुस्तक, विषयसम्बद्ध प्रकाशित पुस्तककार कृति तथा अप्रकाशित शोधपत्रहरूबाट लिइएका सामग्री द्वितीयक स्रोतअन्तर्गत सङ्कलन गरिएका छन् ।

जनसङ्ख्या र नमुना

यस अध्ययनका लागि बागमती प्रदेश, काठमाडौँ जिल्ला, कीर्तिपुर नगरपालिका-अन्तर्गतका कक्षा आठका विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ भने सामुदायिक दुई र संस्थागत दुई गरी चार वटा विद्यालयमा अध्ययनरत आधारभूत तह कक्षा आठका ९६ जना विद्यार्थीहरू सोद्देश्यपूर्ण विधिबाट नमुनाका रूपमा छनोट गरिएका छन् । विद्यार्थीहरू छनोट गर्दा एउटा विद्यालयबाट २४ जना विद्यार्थी लिने उद्देश्यले कक्षा छ, सात र आठको जम्मा विद्यार्थीको हाजिरी लिने कार्य गरियो र गोला बनाई छात्रछात्रालाई (√) र (×) चिह्न प्रदान गरिने टुक्रा लिन लगाइयो जसमा लैङ्गिक र भाषिक सन्तुलन कायम गरिएको छ ।

सामग्री निर्माण

चारवटै विद्यालयका नमुना विद्यार्थीका लागि १०० पूर्णाङ्ककको लिखित प्रश्नावली तयार पारिएको छ । यसअन्तर्गत जोडा मिलाउने, विकल्प दिएर खाली ठाउँ भर्ने, ठिक चिन्ह (√) लगाउने र वाक्य निर्माण गर्ने प्रश्न तयार पारिएका छन् । टुक्काकै ढाँचामा उखानका पनि प्रश्नहरू बनाइएका छन् । प्रश्नावलीबाहेक अवधारणात्मक ढाँचासम्बद्ध चित्र १, १७ वटा तालिका र १० वटा स्तम्भ चित्र निर्माण गरिएका छन् ।

सामग्रीको पूर्वपरीक्षण र परिमार्जन

यस अध्ययनमा उखानटुक्का प्रयोगक्षमता परीक्षण थाल्नुअघि निर्मित नमुना प्रश्नावलीको बालकुमारी माध्यमिक विद्यालयका कक्षा आठमा अध्ययनरत १० जना विद्यार्थीका माझमा परीक्षा लिइएको छ । तिनको ५ जना छात्र र ५ जना छात्रामा पूर्वपरीक्षण गरिएको छ । यस प्रयोजनका लागि तयार पारिएको प्रश्नावली बहुवैकल्पिक, जोडा मिलाउने, खाली ठाउँ भर्ने र वाक्यमा प्रयोग गर्ने प्रकृतिका रहेका छन् । पूर्वपरीक्षाबाट प्राप्त नतिजाका आधारमा कठिन र सरल प्रश्न छुट्याई कठिन लागेका र अत्यन्तै सरल प्रकृतिका प्रश्नमा सुधार गरिएको छ ।

सामग्री कार्यान्वयन, तथ्याङ्क सङ्कलन र व्यवस्थापन

परिमार्जित प्रश्नावली र अन्य निर्धारित साधनमार्फत एउटा विद्यालयका २४ जना विद्यार्थीलाई एउटै कक्षाकोठामा राखेर तीन घण्टाको समयावधि तोकेर लिखित परीक्षा लिइएको छ । प्रश्नावलीमध्ये टुक्कातर्फ जोडा मिलाउने, कोष्ठकबाट मिल्ने टुक्का छानेर खाली ठाउँमा भर्ने, विकल्पमा ठिक चिह्न (√) लगाउने, उपयुक्त वाक्य बनाउने तथा उखानतर्फ उखान र तिनको आशयबिच जोडा मिलाउने, मिल्ने उखान राखेर खाली ठाउँ भर्ने, मिलेको विकल्पमा ठिक चिह्न (√) लगाउने र उखान प्रयोग गरेर उपयुक्त वाक्य बनाउने गरी व्यवस्था भएअनुसार १०० पूर्णाङ्ककको परीक्षामा विद्यार्थीहरूलाई सामेल गरिएको छ । यो कार्य चारवटै विद्यालयमा क्रमशः गरिएको छ । परीक्षको काम सम्पन्न गरेपछि यसमा टुक्का र त्यसको आशयबीच जोडा मिलाउमा एउटाका लागि एक अङ्क प्रदान गरिएको छ । दोस्रोमा विद्यार्थीहरूलाई विकल्प दिएर टुक्काको खाली ठाउँ भर्ने प्रश्नमा

पनि एउटाका लागि क्रमशः एक अङ्क प्रदान दिइएको छ । मिलेको विकल्पमा ठिक चिह्न (√) लगाउने प्रश्नमा चारवटा विकल्प दिने कार्य भएको छ जसमा एउटालाई एक अङ्क दिने कार्य गरिएको छ । वाक्य निर्माण गर्ने प्रश्नमा एउटा सही वाक्य निर्माणलाई दुई अङ्क दिइएको छ । प्रश्न निर्माणमा टुक्काकै ढाँचामा उखानको पनि जोडा मिलाउने, विकल्प दिएर खाली ठाउँ भर्ने, (√) चिह्न लगाउने र वाक्य निर्माण गर्ने प्रश्नहरू राखिएका छन् । सबै प्रश्नका लागि तोकिएअनुसार अङ्क प्रदान गरिएको छ । अन्त्यमा उत्तरपुस्तिकाको परीक्षण गरी प्राप्त नतिजालाई चौथो अध्यायमा व्यवस्थापन गरिएको छ ।

तथ्याङ्कको वर्गीकरण र तालिकीकरण

परीक्षणबाट प्राप्त उखान र टुक्कासम्बद्ध नतिजालाई लैङ्गिक भिन्नता, विद्यालयगत भिन्नता र भाषिक भिन्नताका आधारमा वर्गीकरण र तालिकीकरण गरिएको छ । तालिका विश्लेषणका लागि प्रतिशत र औसत गणना गरिएको छ । त्यसैगरी मध्यमान र मानक विचलन सहित तुलनात्मक विश्लेषणका तालिकाको व्यवस्था गरिएको छ । त्यसैगरी समग्र विद्यार्थी, सामुदायिक विद्यालय, संस्थागत विद्यालय, सामुदायिक र संस्थागत विद्यालयको तुलना, छात्र, छात्रा, छात्र र छात्राको तुलना, नेपाली भाषी, नेपाली इतर भाषी र नेपाली भाषी तथा नेपाली इतर भाषीको तुलनालाई १७ वटा तालिका र १० वटा स्तम्भ चित्रमा समेत विभाजन गरिएको छ ।

तथ्याङ्कको अध्ययन-विश्लेषण

उल्लिखित ढङ्गबाट गरिएको नतिजाको वर्गीकरण र तालिकीकरणअनुसार क्रमशः विश्लेषण प्रस्तुत गर्न वर्णनात्मक-तुलनात्मक विधि अवलम्बन गरिएको छ । यसअन्तर्गत तालिकाको अध्ययन-विश्लेषणका लागि हरेक तालिकाभन्दा माथि तालिका सङ्ख्या, त्यसभन्दा तल तालिकाको शीर्षक दिई त्यसलाई तिर्यक गरिएको छ । तालिकाभन्दा तल तालिककामा रहेका नतिजाको स्रोत कोष्ठकमा उल्लेख गरिएको छ । त्यसपछि तालिका सङ्ख्या उल्लेख गरी त्यसमा भएको नतिजाको प्रकृति, तिनको विश्लेषण र अन्त्यमा निष्कर्ष वाक्य प्रस्तुत गरेर विश्लेषण समापन गर्ने प्रक्रिया अपनाइएको छ ।

तथ्याङ्क विश्लेषणका क्रममा निम्नलिखित साङ्ख्यिकीय सूत्रहरूको प्रयोग गरिएको छ :

(क) प्रतिशत

$$P = \frac{R}{T} \times 100$$

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी

T = जम्मा विद्यार्थी

(ख) मध्यमान

$$\bar{X} = \frac{\Sigma X}{N}$$

$\bar{X}$ = मध्यमाान

X = प्राप्ताङ्क

N = जम्मा सङ्ख्या

(ग) मानक विचलन

$$\sigma = \sqrt{\frac{\Sigma(x- \bar{x})^2}{N-1}}$$

σ = मानक विचलन

$\Sigma(x- \bar{x})^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा सङ्ख्या

अध्याय चार

अध्ययन तथा विश्लेषण

यस अध्यायमा आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन-विश्लेषण गरिएको छ । जम्मा ९६ जना विद्यार्थीहरूमा गरिएको प्रस्तुत अध्ययनमा विद्यार्थीहरूको समग्रता, विद्यालयको प्रकृति, भाषिक भिन्नता र लैङ्गिक भिन्नतालाई मुख्य आधार बनाइएको छ । यसमा १७ वटा तालिका र १० वटा स्तम्भचित्रअन्तर्गत प्रतिशत गणना र मध्यमान तथा मानक विचलनसहित दुई प्रक्रिया अवलम्बन गरिएका छन् ।

विद्यार्थी समग्रता

समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको परीक्षण तालिका १ र स्तम्भचित्र १ अनुसारको अध्ययन कार्य प्रतिशत गणना, मध्यमान र मानक विचलनका आधारमा क्रमशः पूरा गरिएको छ ।

तालिका १

प्रतिशत गणना

विद्यार्थी	०-३९		४०-५९		६०-७४		७५-१००	
सङ्ख्या	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
९६	२९	३०.२१	४६	४७.९२	१२	१२.५	९	९.३७

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका १ मा ९६ जना विद्यार्थीहरूको उखानटुक्का प्रयोगक्षमताका सूचकहरूको अध्ययन-विश्लेषण गरिएको छ । यस तालिकाअनुसार निर्धारित विद्यार्थीमध्ये ०-३९ अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २९ जना (३०.२१ प्रतिशत) रहेको देखियो । त्यस्तै ४०- ५९ अङ्क हासिल गर्ने विद्यार्थीहरू ४६ जना (४७.९२ प्रतिशत) सर्वाधिक देखियो । त्यसैगरी ६०-७४ अङ्क आर्जन गरेका विद्यार्थीहरू १२ जना (१२.५ प्रतिशत) रहेको पाइयो । कुल ७५-१००

सम्म अङ्क ल्याउने विद्यार्थीहरू ९ जना (९.३७ प्रतिशत) सबैभन्दा कम रहेको देखियो । नतिजाको यस स्थितिलाई स्तम्भचित्रमा थप प्रस्ट पारिएको छ ।

स्तम्भ चित्र १

प्रतिशत गणना



स्तम्भचित्र १ बाट कक्षा ६-८ मा अध्ययन गर्ने विद्यार्थीहरूको उखान-टुक्का प्रयोग गर्ने क्षमतास्तर समान छैन भन्ने देखिएको छ । समग्रमा हेर्दा ४०-५९ अर्थात् मध्यम स्तरको क्षमता (४७.९२ प्रतिशत) भएका विद्यार्थी ४६ जना पाइनु सकारात्मक उपलब्धि मान्न सकिए पनि यो सङ्ख्या ५० प्रतिशतभन्दा कम देखिनुले कक्षाकोठामा उखान-टुक्का प्रयोगसम्बद्ध शिक्षण सिकाइमा थप सुधार आवश्यक छ भन्ने पुष्टि हुन्छ ।

तालिका २

मध्यमान र मानक विचलन

विद्यार्थी	मध्यमान	मानक विचलन	मध्यमानभन्दा माथि		मध्यमानभन्दा तल	
सङ्ख्या	-	-	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
९६	४८.४९	१६.०२	४३	५३.७५	५३	६६.२५

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका २ अन्तर्गत निर्धारित विद्यार्थीहरूको उखान-टुक्का प्रयोग क्षमतालाई मध्यमान र मानक विचलन आधारमा देखाउने काम गरिएको छ। यस तालिकामा उल्लेख भएका सूचकअनुसार ९६ जना विद्यार्थीको मध्यमान ४८.४९ मानक विचलन १६.०२ कायम भएको छ। यसअनुसार मध्यमानभन्दा माथिको सङ्ख्या ४३ जना (५३.७५ प्रतिशत) र तलको सङ्ख्या ५३ जना (६६.२५ प्रतिशत) रहेको छ। यस तथ्यबाट प्रतिशत गणनामा झैं मध्यमानभन्दा तलको सङ्ख्या १० (१२.५ प्रतिशत) जनाले कम देखिएको छ जुन क्षमताका हिसाबले कमजोर पक्ष मान्न सकिन्छ। यसले उखान-टुक्काको प्रयोगमा विद्यार्थीहरू कम क्षमतावान् वा कमजोर वा लापर्वाह छन् भन्ने कुराको सङ्केत गर्छ।

विद्यालयको प्रकृति

यस शीर्षकअन्तर्गत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उखान-टुक्का प्रयोगक्षमता के कस्तो रहेको छ भन्ने बारेमा क्रमशः अध्ययन गरिएको छ।

तालिका ३

प्रतिशत गणना (सामुदायिक विद्यालय)

विद्यार्थी	०-३९		४०-५९		६०-७४		७५-१००	
सङ्ख्या	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
४८	१४	२९.१७	२५	५२.०८	५	१०.४२	४	८.३३

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका ३ मा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखान-टुक्का प्रयोग क्षमताको परीक्षण प्रतिशत गणनाका आधारमा गरिएको छ। प्राप्त सूचकअनुसार निर्धारित ४८ जना विद्यार्थीमध्ये ०-३९ अङ्क प्राप्त गर्ने विद्यार्थी १४ जना (२९, १७ प्रतिशत) देखिए। यस्तै ४०-५९ अङ्क प्राप्त गर्न सफल विद्यार्थी २५ जना (५२.०८ प्रतिशत) पाइए। यसैगरी ६०-७४ अङ्क भएका विद्यार्थी ५ जना (१० प्रतिशत) र ७५-१०० अङ्क हासिल गर्ने विद्यार्थी ४ जना (८.३३ प्रतिशत) अर्थात् कम सङ्ख्यामा देखिए। यसलाई स्तम्भचित्र २ मा अझ प्रस्ट पारिएको छ।

स्तम्भ चित्र २

प्रतिशत गणना (सामुदायिक विद्यालय)



स्तम्भ चित्र २ मा अभिव्यक्त तथ्यबाट कक्षा ६-८ मा अध्ययन गर्ने विद्यार्थीहरूको उखान-टुक्का प्रयोग गर्ने सक्षमतास्तरमा असमानता देखिएको छ । समग्रमा हेर्दा ४०-५९ अङ्क प्राप्त गर्ने विद्यार्थी २५ जना अर्थात् मध्यम क्षमता भएका विद्यार्थी ५२.०८ प्रतिशत पाइनुलाई सकारात्मक उपलब्धि मान्न सकिन्छ । यो सङ्ख्या ५० प्रतिशतभन्दा बढी देखिनुबाट सामुदायिक विद्यालयमा उखान-टुक्का प्रयोगसम्बन्धी शिक्षण सिकाइको अवस्था मध्यमभन्दा माथि छ भन्ने प्रमाणित हुन्छ ।

तालिका ४

मध्यमान र मानक विचलन (सामुदायिक विद्यालय)

विद्यार्थी	मध्यमान	मानक विचलन	मध्यमान भन्दा तल		मध्यमान भन्दा माथि	
सङ्ख्या	-	-	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
४८	४९.३३	१४.३३	२४	५०	२४	५०

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका ४ मा सामुदायिक विद्यालयका विद्यार्थीको मध्यमान र मानक विचल प्रस्तुत गरिएको छ । यस तालिकाअनुसार निर्धारित ४८ जना विद्यार्थीको मध्यमान ४९.३३ र मानक विचलन १४.३३ कायम भएको छ । यसअन्तर्गत मध्यमानभन्दा माथिका विद्यार्थी २४ जना (५० प्रतिशत) र मध्यमानभन्दा तलका विद्यार्थी २४ जना (५० प्रतिशत) अर्थात् बराबर सङ्ख्यामा देखिएका छन् । समग्रमा यसबाट सामुदायिक विद्यालयका प्रतिनिधि विद्यार्थीको मध्यमान ५० प्रतिशतको नजिक र मानक विचलन तुलनात्मक रूपले कम हुनु भनेको विद्यार्थीको उखान-टुक्का प्रयोगक्षमता स्तर मध्यम किसिमको छ भन्ने पुष्टि हुन्छ ।

तालिका ५

प्रतिशत गणना (संस्थागत विद्यालय)

विद्यार्थी सङ्ख्या	०-३९		४०-५९		६०- ७४		७५-१००	
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
४८	१७	३५.४२	२१	४३.७५	५	१०.४२	५	१०.४२

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका ५ मा संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोगक्षमताको परीक्षण प्रतिशत गणनामा आधारमा गरिएको छ । प्राप्त सूचकअनुसार निर्धारित ४८ जना विद्यार्थीमध्ये ०-३९ अङ्क प्राप्त गर्ने विद्यार्थी १७ जना (३५.४२ प्रतिशत) देखिए । यस्तै ४०-५९ अङ्क प्राप्त गर्न सफल विद्यार्थी २१ जना (४३.७५ प्रतिशत) पाइए । यसैगरी ६०-७४ अङ्क ल्याउन सफल विद्यार्थी ५ जना (१०.४२ प्रतिशत) र ७५-१०० अङ्क हासिल गर्ने विद्यार्थी ५ जना (१०.४२ प्रतिशत) बराबर सङ्ख्यामा देखिए । यसलाई स्तम्भ चित्र ३ मा थप स्पष्ट पारिएको छ ।

स्तम्भ चित्र ३

प्रतिशत गणना (संस्थागत विद्यालय)



स्तम्भ चित्र ३ मा प्रस्तुत तथ्यबाट कक्षा ६-८ मा अध्ययन गर्ने विद्यार्थीहरूको उखान-टुक्का प्रयोग गर्ने क्षमता स्तरमा असमानता देखिएको छ। समग्रमा हेर्दा ४०-५९ अङ्क प्राप्त गर्ने विद्यार्थी २१ जना (४३.७५ प्रतिशत) पाइनुलाई सकारात्मक उपलब्धि मान्न मिल्दैन। यो सङ्ख्या ५० प्रतिशतभन्दा कम देखिनुबाट संस्थागत विद्यालयमा उखानटुक्का प्रयोगसम्बन्धी शिक्षण सिकाइको अवस्था कमजोर रहेको छ। यसर्थ सुधारको आवश्यकता छ भन्ने प्रमाणित हुन्छ।

तालिका ६

मध्यमान र मानक विचलन (संस्थागत विद्यालय)

कुल विद्यार्थी सङ्ख्या	मध्यमान	मानक विचलन	मानक विचलन	मध्यमान भन्दा तल		मध्यमान भन्दा माथि	
				सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
४८	४५.७२	१८.३९	१८.३९	२४	६०	२४	६०

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका ६ मा संस्थागत विद्यालयका विद्यार्थीको मध्यमान र मानक विचलन प्रस्तुत गरिएको छ । यस तालिकाअनुसार ४८ जना विद्यार्थीको मध्यमान ४५.७२ र मानक विचलन १८.३९ कायम भएको छ । यसअन्तर्गत मध्यमानभन्दा माथिका विद्यार्थी २४ जना (५० प्रतिशत) र मध्यमानभन्दा तलका विद्यार्थी २४ जना (५० प्रतिशत) बराबर सङ्ख्यामा देखिएका छन् । समग्रमा संस्थागत विद्यालयका प्रतिनिधि विद्यार्थीको मध्यमान ५० प्रतिशतको नजिक र मानक विचलन तुलनात्मक कम हुनुबाट उनीहरू अपेक्षाकृत सबल छैनन् भन्ने सिद्ध हुन्छ ।

तालिका ७

सामुदायिक र संस्थागत विद्यालयको तुलना

विद्यालय प्रकृति	प्राप्ताङ्क	विद्यार्थी सङ्ख्या	प्रतिशत	मध्यमान	मानक विचलन	मध्यमान भन्दा तल		मध्यमान भन्दा माथि	
						सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
सामुदायिक	०-३९ प्रतिशतभन्दा कम अङ्क ल्याउने	१४	२९.१७	४९.३३	१४.३२	२४	६०	२४	६०
	४०-५९ प्रतिशत अङ्क ल्याउन	२५	५२.०८						
	६०-७४ प्रतिशत अङ्क ल्याउने	५	१०.४२						
	७५-१०० प्रतिशत अङ्क ल्याउने	४	८.३३						

संस्थागत	प्राप्ताङ्क	१७	३५.४२	४५.७२	१८.३९	२४	६०	२४	६०
४८	०-३९								
	प्रतिशतभन्दा								
	कम अङ्क								
	ल्याउने								
	४०-५९	२१	४३.७५						
	प्रतिशत								
	अङ्क ल्याउने								
	६०-७४	५	१०.४२						
	प्रतिशत								
	अङ्क ल्याउने								
	७५-१००	५	१०.४२						
	प्रतिशत								
	अङ्क ल्याउने								

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका ७ अनुसार सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोगक्षमताको तुलनात्मक नतिजा प्रस्तुत गरिएको छ। सामुदायिक विद्यालयतर्फ ०-३९ सम्म अङ्क ल्याउने १४ जना (२९.१७ प्रतिशत) र संस्थागततर्फ १७ जना (३५.४२ प्रतिशत) रहेको देखियो। त्यस्तै सामुदायिकतर्फ ४०-५९ सम्म अङ्क ल्याउने २५ जना (५२.०८ प्रतिशत) र संस्थागततर्फ २१ जना (४३.७५ प्रतिशत) रहेको पाइयो। त्यसैगरी सामुदायिकतर्फ ६०-७४ प्रतिशत अङ्क ल्याउने ५ जना (१०.४२ प्रतिशत) र संस्थागततर्फ ५ जना (१०.४२ प्रतिशत) रहेको देखियो। त्यसैगरी मध्यमानतर्फ सामुदायिकको ४९.३३ र संस्थागतर्फ ४५.७२ रहेको र मानक विचलन क्रमशः १४.३३ र १८.३९ कायम भएको पाइयो। यस आधारमा तुलना गर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको

उखानटुक्का प्रयोगक्षमता करिब मध्यम किसिमको देखियो । यसप्रकार संस्थागतका तुलनामा सामुदायिक विद्यालयको मध्यमान बढी कायम हुनु भनेको सामुदायिक विद्यालयका विद्यार्थी उखानटुक्का प्रयोगक्षमतामा उत्कृष्ट छन् भन्ने प्रमाणित हुन्छ ।

स्तम्भ चित्र ४

सामुदायिक र संस्थागत विद्यालयको तुलना



प्रस्तुत स्तम्भचित्र ४ मा सामुदायिक विद्यालयका विद्यार्थीहरूमध्ये ०-३९ अङ्क प्राप्त गर्ने २९.१७ प्रतिशत, ४०-५९ अङ्क प्राप्त गर्ने ५२ प्रतिशत, ६०-७४ अङ्क प्राप्त गर्ने १०.४२ प्रतिशत र ७५ भन्दा माथि अङ्क प्राप्त गर्ने ८ प्रतिशत रहेका देखिन्छन् । त्यस्तै संस्थागत विद्यालयका विद्यार्थीहरूमा ०-३९ अङ्क प्राप्त गर्ने ३५.४२ प्रतिशत, ४०-५९ अङ्क प्राप्त गर्ने ४३.७५ प्रतिशत, ६०-७४ अङ्क प्राप्त गर्ने १०.४२ प्रतिशत र ७५ भन्दा माथि अङ्क प्राप्त गर्ने १०.४२ प्रतिशत पाइएका छन् । प्रस्तुत तथ्याङ्कलाई हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीको उखानटुक्का प्रयोगक्षमता उच्च रहेको छ भन्ने देखिन्छ ।

लैङ्गिक भिन्नता

यसअन्तर्गत कक्षा (६-८) मा अध्ययनरत ९६ जना विद्यार्थीहरूमध्ये छात्र र छात्राको उखानटुक्का प्रयोगक्षमताको अध्ययन लैङ्गिक भिन्नताका आधारमा गरिएको छ ।

तालिका ८

प्रतिशत गणना (छात्र)

वि.सं.	०-३९		४०-५९		६०-७४		७५-१००	
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
४८	१४	२९.१७	२३	४७.९२	५	१०.४२	६	१२.५०

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका ८ मा छात्रहरूको उखान-टुक्का प्रयोग क्षमताको परीक्षण प्रतिशत गणनाका आधारमा गरिएको छ । प्राप्त सूचकअनुसार निर्धारित ४८ जना छात्रमध्ये ०-३९ अङ्क प्राप्त गर्ने विद्यार्थी १४ जना (२९.१७ प्रतिशत) देखिए यस्तै ४०-५९ अङ्क प्राप्त गर्न सफल छात्र २३ जना (४७.९२) प्रतिशत पाइए यसैगरी ७०-७४ अङ्क भएका छात्र ५ जना (१०.४२ प्रतिशत) र ७५-१०० अङ्क हासिल गर्ने छात्र ६ जना (१२.५० प्रतिशत रहेको देखियो । यसलाई स्तम्भ चित्र ५ मा थप प्रस्ट पारिएको छ ।

स्तम्भ चित्र ५

प्रतिशत गणना (छात्र)



स्तम्भ चित्र ५ मा अभिव्यक्त तथ्यबाट कक्षा ६-८ मा अध्ययन गर्ने छात्रहरूको उखान-टुक्का प्रयोग गर्ने सक्षमतास्तरमा असमानता देखिएको छ । समग्रमा हेर्दा ४०-५९ अङ्क प्राप्त गर्ने २३ जना आर्थत मध्यम क्षमता भएका छात्र विद्यार्थी ४७.९२ प्रतिशत पाइनुलाई सकारात्मक उपलब्धि मान्न सकिन्छ । यो सङ्ख्या ५० प्रतिशत भन्दा कम देखिनुबाट छात्र विद्यार्थीको उखानटुक्का प्रयोगसम्बन्धी शिक्षण सिकाइको अवस्था मध्यमान तल देखिएकाले सिकाइमा सुधारको आवश्यकता छ भन्ने प्रमाणित हुन्छ ।

तालिका ९

मध्यमान र मानक विचलन (छात्र)

कुल विद्यार्थी सङ्ख्या	मध्यमान	मानक विचलन	मध्यमान भन्दा तल		मध्यमान भन्दा माथि	
			सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
४८	४७.५५	१८.०४	२३	५७.५	२५	६२.५

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका ९ मा छात्रको मध्यमान र मानक विचलन प्रस्तुत गरिएको छ । यस तालिकाअनुसार निर्धारित ४८ जना छात्र विद्यार्थीको मध्यमान भन्दा माथिको छात्र २५ जना (६२ प्रतिशत मध्यमान भन्दा तलका विद्यार्थी २३ जना (५७ प्रतिशत) रहेकाले मध्यमा मध्यमान ५० प्रतिशतको नजिक र मानक विचलन तुलनात्मक रूपले कम हुनु भनेको छात्रको उखानटुक्का प्रयोगक्षमता स्तर मध्यम किसिमको छ भन्ने देखिन्छ ।

तालिका १०

प्रतिशत गणना (छात्रा)

वि.सं.	०-३९		४०-५९		६०-७४		७५-१००	
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
४८	१५	३१.२५	२३	४७.८२	७	१४.५८	३	६.२५

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका १० मा छात्राहरूको उखान-टुक्का प्रयोग क्षमताको परीक्षण प्रतिशत गणनाका आधारमा गरिएको छ । प्राप्त सूचक अनुसार निर्धारत ४८ जना विद्यार्थी मध्ये ०-३९ अङ्क प्राप्त गर्ने छात्रा विद्यार्थी १५ जना (३१.२५ प्रतिशत) देखिए । यस्तै ४०-५९ अङ्क प्राप्त गर्न सफल २३ जना (४७.८२ प्रतिशत) पाइए । त्यसैगरी ६०-७४ अङ्क प्राप्त भएका छात्रा ७ जना (१४.५८ प्रतिशत) र ७५-१०० अङ्क हासि गर्ने छात्रा विद्यार्थी ३ जना (६.२५ प्रतिशत) रहेको देखियो । यसलाई स्तम्भचित्र ६ मा थप प्रस्ट पारिएको छ ।

स्तम्भ चित्र ६

प्रतिशत गणना (छात्रा)



स्तम्भ चित्र ६ मा अभिव्यक्त तथ्यबाट कक्षा ६-८ मा अध्ययनरत छात्रा विद्यार्थीहरूको उखान-टुक्का प्रयोग गर्ने क्षमता स्तरमा आसमानता देखिएको छ । समग्रमा हेर्दा ४०-५९ अङ्कका प्राप्त गर्ने छात्रा विद्यार्थी २३ जना अर्थात मध्यमा क्षमता भएका छात्रा ४७.९२ प्रतिशत पाइनुलाई सकारात्मक उपलब्धि मान्न सकिन्छ । यो सङ्ख्या ५० प्रतिशतको नजिक देखिनुले छात्राको उखानटुक्का प्रयोगक्षमतासम्बन्धी अवस्था मध्यम रहेको प्रमाणित हुन्छ ।

तालिका ११

मध्यमान र मानक विचलन (छात्रा)

कुल वि.सं.	मध्यमान	मानक विचलन	मध्यमान भन्दा तल		मध्यमान भन्दा माथि	
			सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
४८	४८.४२	१३.८१	२६	६५	२२	५५

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका ९ मा छात्राको मध्यमान र मानक विचलन प्रस्तुत गरिएको छ । यस तालिका अनुसार ४८ जना छात्राको मध्यमान ४८.४२ मानक विचलन १३.८१ कायम भएको पाइयो । यसअन्तर्गत मध्यमानभन्दा माथिका छात्र २२ जना (५५ प्रतिशत) र मध्यमानभन्दा तलका विद्यार्थी २६ जना (६५ प्रतिशत) देखिए । यसरी हेर्दा छात्राको मध्यमान ५० प्रतिशतको नजिक र मानक विचलन तुलनात्मक रूपले कम हुनु भनेको छात्राको उखानटुक्का प्रयोगक्षमता स्तर मध्यम किसिमको छ भन्ने देखिन्छ ।

तालिका १२

छात्र र छात्राको तुलना

विद्यालय प्रकृति	प्राप्ताङ्क	विद्यार्थी सङ्ख्या	प्रतिशत	मध्यमान	मानक विचलन	मध्यमान भन्दा माथि		मध्यमान भन्दा तल	
						सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
छात्र	०-३९ प्रतिशतभन्दा कम अङ्क ल्याउने	१४	२९.१७	४६.५५	१८.०४	२५	६२.५	२३	५७.५
	४०-५९ प्रतिशत अङ्क ल्याउन	२३	४७.९२						
	६०-७४ प्रतिशत अङ्क ल्याउने	५	१०.४२						

	७५-१०० प्रतिशत अङ्क ल्याउने	६	१२.५०						
छात्रा	प्राप्ताङ्क	१५	३१.२५	४८.४२	१३.८१	२२	५५	२६	६५
	०-३९ प्रतिशतभन्दा कम अङ्क ल्याउने								
	४०-५९ प्रतिशत अङ्क ल्याउने	२३	४७.९२						
	६०-७४ प्रतिशत अङ्क ल्याउने	७	१४.२८						
	७५-१०० प्रतिशत अङ्क ल्याउने	३	६.२५						

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका १२ अनुसार छात्रतर्फ ०-३९ अङ्क ल्याउने १४ जा (२९.१७ प्रतिशत) र छात्रातर्फ ०-३९ अङ्क ल्याउने १५ जना (३१.२५ प्रतिशत) देखिए । ४०-५९ अङ्क ल्याउने छात्रतर्फ २३ जना (४७.९२ प्रतिशत) र छात्रातर्फ २३ जना (४७.९२ प्रतिशत) पाइए । त्यसैगरी ६०-७४ अङ्क ल्याउने छात्रतर्फ ५ जना (१०.४२ प्रतिशत) र छात्रतर्फ ७ जना (१४.५८ प्रतिशत) देखिए । त्यस्तै ७५-१०० अङ्क ल्याउने छात्रतर्फ ६ जना (१२.५० प्रतिशत) र छात्रातर्फ ३ जना (६.२५ प्रतिशत) पाइए । मध्यमान भने छात्रको ४६.५५ र छात्राको ४८.४२ रहेको देखियो । मानक विचलनमा छात्रको १८.४ र छात्राको १३.८१ कायम भएको पाइयो । छात्र र छात्राको उखानटुक्का प्रयोगक्षमताको तुलना गर्दा छात्र र छात्राको प्रयोगक्षमता स्तर केही भिन्न रहेपनि मध्यम देखियो । यसलाई स्तम्भ चित्र ७ मा पनि प्रस्तुत गरिएको छ ।

स्तम्भ चित्र ७

छात्र र छात्राको तुलना



प्रस्तुत स्तम्भ चित्र ७ मा प्रस्तुत गरिएको तथ्याङ्कलाई हेर्दा ०-३९ सम्म अङ्क प्राप्त गर्नेमा छात्र भन्दा छात्राको लेखन क्षमता कमजोर देखिएको छ । त्यसैगरी ४०-५९ सम्म अङ्क प्राप्त गर्ने कुरामा भने छात्र र छात्राको क्षमता समान पाइएको छ । त्यस्तै ६०-७५ सम्म अङ्क ल्याउने कुरामा छात्रा अगाडि देखिएका छन् । त्यसैगरी ७५-१०० सम्म अङ्क हासिल गर्नेमा छात्र सबल पाइएका छन् । यसबाट छात्र र छात्राको उखानटुक्का प्रयोग क्षमता स्तर लगभग समान देखिन्छ ।

भाषिक भिन्नता

यस शीर्षकअन्तर्गत नेपाली भाषी विद्यार्थी र नेपाली इतरभाषी विद्यार्थीहरूको उखान-टुक्का प्रयोगक्षमताको अध्ययन गरिएको छ ।

तालिका १३

प्रतिशत गणना (नेपाली भाषी)

वि.सं.	०-३९		४०-५९		६०-७४		७५-१००	
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
४८	१२	२५	२३	४७.९१	७	१४.५८	६	१२.५

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका १३ मा नेपाली भाषी विद्यार्थीहरूको उखान-टुक्का प्रयोगक्षमताको परीक्षण प्रतिशत गणनाका आधारमा गरिएको छ। प्राप्त सूचकअनुसार निर्धारित ४८ जना विद्यार्थीमध्ये ०-३९ अङ्क प्राप्त गर्ने १२ जना (२५ प्रतिशत) मात्र देखिए। त्यस्तै ४०-५९ अङ्क प्राप्त गर्न सफल २३ जना (४७.९१ प्रतिशत) मात्र पाइए। त्यसैगरी ६०-७४ अङ्क प्राप्त ल्याउने ७ जना (१४.५८ प्रतिशत) अर्थात् तुलनात्मक कम देखिए। त्यस्तै ७५-१०० अङ्क प्राप्त गर्ने ६ जना (१२.५ प्रतिशत) अर्थात् अझ कम पाइए। यसलाई स्तम्भचित्र ८ मा थप प्रस्ट पारिएको छ।

स्तम्भ चित्र ८

प्रतिशत गणना (नेपाली भाषी)



स्तम्भ चित्र ८ मा अभिव्यक्त तथ्यबाट कक्षा ६-८ मा अध्ययन गर्ने नेपाली भाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग गर्ने सक्षमता स्तरमा असमानता देखिएको छ । समग्रमा हेर्दा ४०-५९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी २३ जना (४७.९१ प्रतिशत) हुनुलाई सकारात्मक उपलब्धि मान्न सकिन्छ । यो सङ्ख्या ५० प्रतिशतको नजिक देखिनुले नेपाली भाषी विद्यार्थीको उखानटुक्का प्रयोगसम्बन्धी क्षमता स्तर मध्यम रहेको छ भन्ने प्रमाणित हुन्छ ।

तालिका १४

मध्यमान र मानक विचलन (नेपाली भाषी)

कुल विद्यार्थी सङ्ख्या	मध्यमान	मानक विचलन	मध्यमानभन्दा तल		मध्यमानभन्दा माथि	
			सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
४८	५१.०८	१६.४४	३४	८५	१४	३५

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका १४ मा नेपाली भाषी विद्यार्थीको मध्यमान र मानक विचलन प्रस्तुत गरिएको छ । यस तालिकाअनुसार निर्धारित ४८ जना विद्यार्थीको मध्यमान ५१.०८ मानक विचलन १६.४४ का भएको पाइयो । यसअन्तर्गत मध्यमानभन्दा माथिका विद्यार्थी १४ जना (३५ प्रतिशत) र मध्यमानभन्दा माथिका विद्यार्थी १४ जना (३५ प्रतिशत) र मध्यमानभन्दा तलका विद्यार्थी ३४ जना (८५ प्रतिशत) देखिएकाले नेपाली भाषी विद्यार्थीको मध्यमान ५० प्रतिशतभन्दा माथि देखिएका कारण मानक विचलन तुलनात्मक रूपले कम हुनु भनेको नेपाली भाषीको क्षमता स्तर मध्यमभन्दा माथि छ भन्ने देखिन्छ ।

तालिका १५

प्रतिशत गणना (नेपाली इतरभाषी)

वि.सं.	०-३९		४०-५९		६०-७४		७५-१००	
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
४८	१५	३१.२५	२४	५०	५	१०.४१	४	८.३३

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका १५ मा उल्लेख भएअनुसार नेपाली इतरभाषी विद्यार्थीहरूको उखान-टुक्का प्रयोग क्षमताको परीक्षण प्रतिशत गणनाका आधारमा गरिएको छ । प्राप्त सूचकअनुसार निर्धारित ४८ जना विद्यार्थीमध्ये ०-३९ अङ्क प्राप्त गर्ने १५ जना (३१.२५ प्रतिशत) रहेको देखियो । यस्तै ४०-५९ अङ्क प्राप्त गर्न सफल विद्यार्थी २४ जना (५० प्रतिशत) रहेको पाइयो । त्यसैगरी ६०-७४ अङ्क प्राप्त गर्ने विद्यार्थी ५ जना (१०.४१ प्रतिशत) अर्थात् निकै न्यून रहेको देखियो । अझ ७५-१०० अङ्क प्राप्त गर्ने विद्यार्थी ४ जना (८.३३ प्रतिशत) भने झन् न्यून रहेको पाइयो । यसलाई स्तम्भ चित्र ९ मा थप प्रस्ट पारिएको छ ।

स्तम्भ चित्र ९

प्रतिशत गणना (नेपाली इतरभाषी)



स्तम्भ चित्र ९ मा अभिव्यक्त तथ्यबाट कक्षा ६-८ मा अध्ययन गर्ने नेपाली इतरभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग सक्षमता स्तरमा असमानता देखिएको छ। समग्रमा हेर्दा २४ जना (५० प्रतिशत) विद्यार्थीले ४०-५९ अङ्क प्राप्त गरेर मध्यम स्तरको क्षमता प्रमाणित गरेका छन्। यस प्रकार कुल ४८ जनामध्ये ५० प्रतिशत विद्यार्थीले उखानटुक्काको प्रयोगमा मध्यम स्तर कायम गर्न सक्नुलाई सकारात्मक मान्न सकिन्छ।

तालिका १६

मध्यमान र मानक विचलन (नेपाली इतरभाषी)

कुल विद्यार्थी सङ्ख्या	मध्यमान	मानक विचलन	मध्यमान भन्दा तल		मध्यमान भन्दा माथि	
			सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
४८	४७	१६	२४	५०	२४	५०

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका १६ मा नेपाली इतरभाषी विद्यार्थीको मध्यमान र मानक विचलन प्रस्तुत गरिएको छ। यस तालिकाअनुसार निर्धारित ४८ जना विद्यार्थीको मध्यमान ४७ र मानक विचलन १६ कायम भएको छ। यसअन्तर्गत मध्यमानभन्दा माथिका विद्यार्थी २४ जना (५० प्रतिशत) र मध्यमानभन्दा तलका विद्यार्थी पनि २४ जना (५० प्रतिशत) अर्थात् समान सङ्ख्यामा रहेका छन्। यस आधारमा हेर्दा मध्यमान ५० प्रतिशत र मानक विचलन तुलनात्मक रूपले कम हुनुले नेपाली इतरभाषी विद्यार्थीको उखानटुक्का प्रयोगक्षमता स्तर मध्यम रहेको छ भन्ने पुष्टि हुन्छ।

तालिका १७

नेपाली भाषी र नेपाली इतरभाषी विद्यार्थीको तुलना

विद्यालय प्रकृति	प्राप्ताङ्क	विद्यार्थी सङ्ख्या	प्रतिशत	मध्यमान	मानक विचलन	मध्यमान भन्दा माथि		मध्यमान भन्दा तल	
						सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
नेपाली भाषी ४८	०-३९ प्रतिशतभन्दा कम अङ्क ल्याउने	१२	२५	५१.०८	१६.४४	३४	८५	१४	३५
	४०-५९ प्रतिशत अङ्क ल्याउन	२३	४७.९१						
	६०-७४ प्रतिशत अङ्क ल्याउने	७	१४.५८						
	७५-१०० प्रतिशत अङ्क ल्याउने	६	१२.५						
नेपाली इतरभाषी	प्राप्ताङ्क ०-३९	१५	३१.२५	४७	१६	२४	५०	२४	५०

४८	प्रतिशतभन्दा कम अङ्क ल्याउने		
	४०-५९ प्रतिशत अङ्क ल्याउने	२४	५०
	६०-७४ प्रतिशत अङ्क ल्याउने	५	१०.४१
	७५-१०० प्रतिशत अङ्क ल्याउने	४	८.३३

(स्रोत : स्थलगत अध्ययन, २०८१)

तालिका १७ अनुसार नेपाली भाषी विद्यार्थी र नेपाली इतरभाषी विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको तुलनानात्मक नतिजा प्रस्तुत गरिएको छ । यसअनुसार नेपाली भाषीतर्फ ०-३९ सम्म अङ्क ल्याउने १२ जना (२५ प्रतिशत) र नेपाली इतरभाषीतर्फ १५ जना (३१.२५ प्रतिशत) रहेको देखियो । नेपाली भाषीतर्फ ४०-५९ सम्म अङ्क ल्याउने २३ जना (४७.९१ प्रतिशत) र नेपाली इतरभाषीतर्फ २४ जना (५० प्रतिशत) रहेको पाइयो । त्यसैगरी नेपाली भाषीतर्फ ६०.७४ सम्म अङ्क ल्याउने ७ जना (१४.५८ प्रतिशत) र नेपाली इतरभाषीतर्फ ५ जना (१०.४१ प्रतिशत) रहेको देखियो । त्यस्तै नेपाली भाषीतर्फ ७५-१०० सम्म अङ्क ल्याउने विद्यार्थी ६ जना (१२.५ प्रतिशत) र नेपाली इतरभाषीतर्फ ४ जना (८.३३ प्रतिशत) रहेको पाइयो । नेपाली भाषीतर्फको मध्यमान ५१.०८ र नेपाली

इतरभाषीतर्फको मध्यमान ४७ प्रतिशत रहेको तथा मानक विचलन क्रमशः १६.४४ र १६ कायम भएको देखियो । यस तथ्यबाट उखानटुक्काको प्रयोगमा नेपाली भाषीको क्षमता स्तर राम्रो देखिएको छ । यसलाई स्तम्भ चित्र १० मा पनि देखाइएको छ ।

स्तम्भ चित्र १०

नेपाली भाषी र नेपाली इतरभाषीको तुलना



प्रस्तुत स्तम्भ चित्र १० मा प्रस्तुत गरिएको तथ्याङ्कलाई हेर्दा ०-३९ सम्म अङ्क ल्याउने नेपाली भाषी विद्यार्थी २५ प्रतिशत र नेपाली इतरभाषी विद्यार्थी ३१.२५ प्रतिशत रहेका देखिन्छन् । यसका आधारमा तुलना गर्दा नेपाली भाषीभन्दा नेपाली इतरभाषी विद्यार्थी सबल देखिएका छन् । त्यसैगरी ४०-५९ अङ्क हासिल गर्नेमा पनि नेपाली इतरभाषी नै अगाडि देखिएका छन् । उच्च श्रेणी अर्थात् ६०-७४ अङ्क प्राप्त गर्नेतर्फ भने नेपाली भाषीको अग्रता कायम भएको छ । उच्चतम श्रेणी अर्थात् ७५-१०० अङ्क कायम गर्नेमा भने नेपाली इतरभाषी सबल पाइएका छन् । विद्यार्थीहरूको तुलना गर्दा पनि नेपाली भाषी विद्यार्थीको भन्दा नेपाली इतरभाषी विद्यार्थीको प्रयोगक्षमता राम्रो देखिन्छ । यस तथ्यबाट नेपाली भाषी विद्यार्थीको तुलनामा नेपाली इतरभाषी विद्यार्थीको उखानटुक्का प्रयोगक्षमता स्तर उच्च देखिन्छ ।

अध्याय पाँच

उपसंहार

प्रस्तुत अध्यायमा प्राप्ति, निष्कर्ष, उपादेयता र भावी अध्ययनको सम्भावित शीर्षकसम्बद्ध विषयवस्तु प्रस्तुत गरिएका छन् ।

प्राप्ति

यसमा आधारभूत तह कक्षा आठका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमतासम्बन्धी शोध अध्ययन गरिएको छ । यसमा प्रतिशतका आधारमा कीर्तिपुर जिल्लाका कक्षा ८ मा अध्ययनरत समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता अध्ययनअन्तर्गत समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमतालाई हेर्दा ९६ जना विद्यार्थीको मध्यमान ४८.४९ मानक विचलन १६.०२ कायम भएको छ । यसअनुसार मध्यमानभन्दा माथिको सङ्ख्या (५३.७५) प्रतिशत र तलको सङ्ख्या (५३) प्रतिशत रहेको छ ।

विद्यालयको प्रकृतिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूले ४०-५९ अङ्क प्राप्त (५२.०८ प्रतिशत) हासिल गरेका छन् । यो सङ्ख्या ५० प्रतिशतभन्दा बढी देखिनुबाट सामुदायिक विद्यालयमा उखान-टुक्का प्रयोगसम्बन्धी शिक्षण सिकाइको अवस्था राम्रो रहेको पुष्टि भएको छ । सामुदायिक विद्यालयको मध्यमान ४९.३३ र मानक विचलन १४.३२ रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताअन्तर्ग ३९ सम्म अङ्क प्राप्त गर्ने ३५.४२ प्रतिशत र ४०-५९ सम्म अङ्क प्राप्त गर्ने ४३.७५ प्रतिशत र ६०-७४ सम्म अङ्क प्राप्त गर्ने १०.४२ प्रतिशत देखिएका छन् । संस्थागत विद्यालयका विद्यार्थीको मध्यमान ४५.७२ र सामुदायिक विद्यालय विद्यार्थीको मध्यमान ४९.३३ प्रतिशत पाइएको छ । यसबाट संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीमध्ये सबभन्दा बढी अङ्क हासिल गर्ने कुरामा सामुदायिक विद्यालयका ३.९ प्रतिशत बढी विद्यार्थी सबल छन् भन्ने पुष्टि भएको छ ।

लैङ्गिक भिन्नताका आधारमा छात्रतर्फ ३९ सम्म अङ्क ल्याउने विद्यार्थी २९.१७ प्रतिशत, ४०-५९ सम्म अङ्क ल्याउने ४७.९२ प्रतिशत, ६०-७४ सम्म अङ्क ल्याउने १०.४२ प्रतिशत रहेका छन् । छात्रहरूको मध्यमान ४६.५५ र मानक विचलन १८.०४

रहेको छ । त्यसैगरी छात्रातर्फ ३९ सम्म अङ्क ल्याउने विद्यार्थी ३१.२५ प्रतिशत, ४०-५९ सम्म अङ्क ल्याउने ४७.९२ प्रतिशत र ६०-७४ सम्म अङ्क ल्याउने १४.५८ प्रतिशत देखिएका छन् । छात्राको मध्यमान ४९.४२ र मानक विचलन १३.८१ रहेको छ । कुल ७४ भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी कम देखिएका छन् । लैङ्गिक भिन्नताका दृष्टिले छात्रछात्राको तुलना गर्दा मध्यम स्तर कायम गर्ने सवालमा समान देखिए पनि सबभन्दा बढी अङ्क ल्याउने कुरामा छात्रा ४.१६ प्रतिशत बढी सङ्ख्यामा सक्षम पाइएका छन् ।

नेपाली भाषी विद्यार्थीतर्फ ३९ सम्म अङ्क ल्याउने २५ प्रतिशत, ४०-५९ सम्म अङ्क ल्याउने ४७.९१ प्रतिशत र ६०-७४ सम्म अङ्क ल्याउने १४.५८ प्रतिशत र सोभन्दा बढी अङ्क ल्याउने ६.१२ प्रतिशत रहेका छन् । नेपाली इतरभाषी विद्यार्थीतर्फ ३९ सम्म अङ्क प्राप्त गर्ने ३१.२५ प्रतिशत, ४०-५९ सम्म अङ्क प्राप्त गर्ने ५० प्रतिशत र ६०-७४ सम्म अङ्क प्राप्त गर्ने १०.४१ प्रतिशत देखिएका छन् । मध्यमान र मानक विचलनतर्फ नेपाली भाषीको मध्यमान ५१ प्रतिशत र नेपाली इतरभाषीको मध्यमान ४७.९१ प्रतिशत देखिएको छ । यसबाट सबभन्दा बढी अङ्क हासिल गर्ने कुरामा नेपाली इतरभाषी विद्यार्थीको तुलनामा नेपाली भाषी विद्यार्थी ४.१७ प्रतिशतले बढी सङ्ख्यामा सबल छन् भन्ने देखिएको छ ।

समग्र मूल्याङ्कनबाट ९६ जना विद्यार्थीहरूमध्ये ४०-५९ अर्थात् मध्यम क्षमता भएका विद्यार्थी ४७.९२ प्रतिशतभन्दा कम देखिएको छ । यस तथ्यले कक्षा कोठामा उखान-टुक्का प्रयोग सम्बद्ध शिक्षण सिकाइमा थप सुधार गर्नु आवश्यक छ भन्ने सिद्ध गरेको छ ।

निष्कर्ष

प्रस्तुत अध्ययनमा विद्यार्थीहरूको समग्र उखानटुक्का प्रयोग क्षमतालाई हेर्दा कक्षा (६-८) सम्मका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता मध्यम प्रकृतिको देखिन्छ । समग्र नतिजाले विद्यार्थीहरू कम क्षमतावान् वा कमजोर वा लापरवाह छन् त्यसैले उनीहरूलाई थप अभ्यास आवश्यक छ भन्ने कुराको सङ्केत गर्दछ । सामुदायिक विद्यालयका विद्यार्थीमध्ये संस्थागत विद्यालयका विद्यार्थी सबल देखिनु, छात्रभन्दा छात्रा उत्कृष्ट पाइनु र

नेपाली इतभाषीभन्दा नेपाली भाषी विद्यार्थीहरू सक्षम देखिनुलाई सकारात्मक पक्ष मान्न सकिन्छ । विद्यार्थीहरू उखानटुक्काको जोडा मिलाउने र बहुवैकल्पिक खाली ठाउँ भर्ने प्रश्नको उत्तरात्मक नतिजामा भन्दा वाक्य निर्माणसम्बद्ध प्रश्नको उत्तरात्मक नतिजामा कमजोर देखिन्छन् । उखानटुक्का प्रयोग क्षमतामा समस्या देखिनुमा नियमित उखानट'क्काको शिक्षण सिकाइलाई कम समय उपलब्ध हुनु, सिकाइलाई प्रायोगिक पक्षसँग नजोड्नु, पाठ्यपुस्तकमा पनि उखानट'क्कालाई कम महत्त्व दिनु आदि कारण हुन सक्छन् । यसका लागि यस्तो हुनुका कारण पहिचान गरी उपचारात्मक तथा सुधारात्मक शिक्षण गर्नु आवश्यक देखिन्छ ।

अध्ययनको उपयोगिता

कुनै पनि अध्ययन अनुसन्धानको आफ्नै किसिमको उपयोगिता रहेको हुन्छ । प्रस्तुत शोधअध्ययन स्थानीय तहदेखि राष्ट्रिय तहसम्म महत्त्वपूर्ण हुन सक्छ । *आधारभूत तहका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता* शीर्षकमा गरिएको प्रस्तुत शोधकार्यको विभिन्न क्षेत्रमा उपयोगिता रहने अपेक्षा गरिएको छ ।

नीतिगत तह : प्रस्तुत अध्ययनका आधारमा वर्तमान पाठ्यक्रम र पाठ्यपुस्तकमा थप उखानटुक्काको व्यवस्था गर्न सम्बद्ध निकायलाई आधार प्राप्त हुने विश्वास गरिएको छ ।यसबाट कुन तह र कक्षाका लागि तयार गरिएका पाठ्यक्रम र पाठ्यपुस्तका लागि कस्ता उखानटुक्काहरू समावेश गर्ने भन्ने कुराका लागि नीतिगत तहलाई आंशिक मार्गदर्शन मिल्छ भन्ने अपेक्षा गरिएको छ ।

प्रयोगगत तह : यस अध्ययनले नेपाली विषय शिक्षकलाई भाषा शिक्षण गर्दा विद्यार्थीहरूको क्षमता अनुकुल उखानटुक्का प्रयोगको अभ्यास गराउन, उपयुक्त विधि छनोट गरी प्रभावकारी रूपमा सिकाउन, उपयुक्त सामग्री निर्माण र प्रयोग गर्न, शिक्षकले विद्यार्थीलाई पृष्ठपोषण प्रदान गरी सहज तरिकाले उखानटुक्काको प्रयोग सिकाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

नियामक निकाय : प्रस्तुत अध्ययनबाट पाठयक्रमको नीतिगत कार्यान्वयन र मूल्याङ्कन प्रक्रियामा एकरूपता, पूर्वनीतिमा आवश्यक संशोधन आदिका लागि शिक्षा

मन्त्रालय, शिक्षा तथा समन्वय एकाइ, शैक्षिक गुणस्तर केन्द्र, शिक्षा विभाग, स्थानीय शिक्षा शाखा आदि सम्बद्ध निकायलाई शैद्धान्तिक तथा व्यावहारिक सुझ प्राप्त हुने अपेक्षा गरिएको छ ।

भावी अध्ययनका सम्भावित विषय

यहाँ भावी अध्ययनका लागि देहायबमोजिम सम्भावित विषय सिफारिस गरिएको छ :

(क) निम्नमाध्यमिक तहका विद्यार्थीहरूको उखानटुक्का प्रयोगक्षमता ।

(ख) माध्यमिक तहका विद्यार्थीको उखानटुक्का प्रयोगकौशल ।

(ग) कक्षा आठको पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काको सान्दर्भिकता ।

(घ) विद्यालय शिक्षाका विधागत पाठहरूमा उखानटुक्काको भाषिक सौन्दर्य ।

(ङ) भाषिक सौन्दर्यका दृष्टिले आधारभूत तहका विधागत पाठहरूमा उखानटुक्काको महत्त्व ।

सन्दर्भ सामग्रीसूची

खनिया, बुद्धराज (२०७५), *नेपाली भाषा शिक्षण : सिद्धान्त र प्रयोग,* जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि. ।

ढुङ्गेल, इन्दिरा (२०६३), *निम्न माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

नेपाल प्रज्ञा-प्रतिष्ठान (२०७७) *नेपाली वृहत् शब्दकोश* (द.सं.), कमलादी, काठमाडौँ ।

नेपाल, शोभा (२०६६), *पाल्पा जिल्लाको माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन, अप्रकाशित* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

नेपाल सरकार (२०७६), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप (दो.सं.-२०७९),* पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार (२०७७), *आधारभूत शिक्षा पाठ्यक्रम, प्रथम संस्करण (२०७९),* पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार (२०७८), *कक्षा ६ को नेपाली किताब,* पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार (२०७९), *कक्षा ७ को नेपाली किताब,* पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार (२०७९), *शिक्षा* (वर्ष ३८, सङ्ख्या ५२), पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार (२०८०), *कक्षा ८ को नेपाली किताब* (दो.सं.) पाठ्यक्रम विकास केन्द्र ।

पन्थी, यामप्रसाद (२०६५), *माध्यमिक तह कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काको प्रयोगक्षमतको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पराजुली, कृष्णप्रसाद (२०३९), *नेपाली उखान र गाउँखाने कथा,* रत्न पुस्तक भण्डार ।

पौड्याल, शिवप्रसाद (२०६९), *नेपाली उखान सग्रह,* नेपाली प्रज्ञा प्रतिष्ठान ।

भण्डारी, गङ्गाराम, (२०६५, *निम्न माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काको पहिचान र प्रयोग क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र संकाय, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

रामप्रसाद भट्टराई (२०७३), *भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग,* शुभकामना प्रकाशन प्रा.लि. ।

लामिछाने, कपिलदेव (२०६९), *नेपाली उखान र टुक्काको अध्ययन,* रत्न पुस्तक भण्डार ।

शर्मा, शारदा (२०६२), *सङ्खुवासभा जिल्लामा प्रचलित उखानको सङ्कलन वर्गीकरण र विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

शाह, पुष्पा (२०७६), *माध्यमिक तहका विद्यार्थीहरूको उखानट'क्का प्रयोग क्षमता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

परिशिष्ट 'क'

(नमुना प्रश्नावली-२०८१)

विषय : नेपाली

पूर्णाङ्क : १०० समय : ३ घण्टा परीक्षा मिति :

विद्यार्थीहरूको नाम :

१) **'क' र 'ख' समूहको जोडा मिलाउनुहोस् ।** १० × १ =१०

समुह क	समुह ख
हात हाल्नु	बदलाको भावना राख्नु
घुडा हाल्नु	चेट्नु
कम्मर कस्नु	पिट्नु
नाक काट्नु	आँत्नु
कान समात्नु	हार्न
मास छर्न जानु	इज्जत फाल्नु
धन हालाहाल गर्नु	आँखाबाट आँसु आउनु
चेतावनी दिनु	सचेत गराउनु
चेतावनी दिनु	कुटाकट गर्नु
आँखा रसाउनु	भर्नु
लेखाजोखा राख्नु	

२) **कोष्ठकबाट मिल्ने टुक्का छानी तलको खाली ठाउँमा भर्नुहोस् । १० × १ =१०**

(गाली खानु, मुखमखै लाग्नु, बढ्ता हुनु, रातोपिरो हुनु, दाँत देखाउनु, कान खसाउनु, माया मार्नु, दशा लाग्नु, काखी च्याप्नु, मुटुचिरिनु)

..... रिसाउनु

..... बढी जान्ने पल्टनु

..... तुरुन्त जबाफ फर्काउनु

..... पक्ष लिनु

..... हिम्मत हार्नु

..... आवश्यकता भन्दा बढी जान्ने हुनु

..... कसैले आफूलाई नराम्रो बचन लगाउनु

..... त्याग्नु

..... थेत्तरो हुनु

..... ठूला बरवादी हुनु

३) **मिलेको विकल्पमा ठिक चिह्न (√) दिनुहोस् ।** १०×१= १०

क) 'घत लाग्नु' को सही अर्थ के हो ?

अ) चित बुझ्नु (आ) घाँटी जोड्नु (इ) चेतावानी (ई) जोहो

ख) 'मस छर्नु जानु' भन्ने टुक्काले दिने अर्थ कुन हो ?

अ) घैटामा घाम लाग्नु आ) मर्नु (इ) मख्ख पर्नु (इ) जिद्धि गर्नु

(ग) 'माया मार्नु' भनेको के हो ?

अ) दिक्क लाग्नु आ) धुँडा टेक्नु (इ) बिर्सनु (ई) कुरा गर्नु

घ) 'आँखा छल्नु' ले केलाई बुझाउँछ ?

अ) मतलब लाग्नु आ) धुँडा टेक्नु (इ) चेतावानी (ई) झुक्याउनु

ङ) 'तालु मा आलु फल्नु' को अर्थ के हुन्छ ।

अ) भाग्य चम्कनु आ) गला रेट्नु इ) कुरा सुन्नु (इ) जोहो गर्नु

च) 'नाक काट्नु' भन्नाले के बुझिन्छ ?

अ) तोरीको फुल देख्नु आ) इज्जन फाल्नु (इ) स्याबासी दिनु (ई) गाँठो पर्नु

छ) 'हात हाल्नु' ले कुन अर्थ दिन्छ ?

अ) धङधङे लाग्नु आ) धरती टेक्नु (इ) कुट्नु (इ) माया मार्नु

ज) 'टाउँकामा टेक्नु' भन्नाले के बुझिन्छ ?

अ) मन लाग्नु आ) हात टेक्नु (इ) चेतावानी (इ) हेप्नु

झ) 'मुटु चिरिनु' भनेको के हो ?

अ) मनदेखि दुख्नु आ) कपाल फुल्नु (इ) ङिच्च गर्नु (ई) पिच्च थुक्नु

ञ) 'धुभधुम्ती बस्नु' बाट के बुझनुहुन्छ ?

अ) बित्यास पर्नु आ) रिसाएर बस्नु (इ) चेतावनी दिनु (इ) रिसले आगी हुनु

दिइएका टुक्काबाट उपयुक्त वाक्य बनाउनुहोस् १०×२=२०

टुक्का	**वाक्यमा प्रयोग**
१. अड्डी कस्नु	
२. अनुहार फेर्नु	
३. आकुलव्याकुल हुनु	
४. आँखा रसाउनु	
५. इन्तु न चिन्तु हुनु	
६. कम्मर च्याप्नु	

७. काखी च्याप्नु	
८. कान समात्नु	
९. सत्यनाश हुनु	
१०. बाँचा बाँध्नु	

५) तलका उखान र तिनको आशयबिच जोडा मिलाउनुहोस् । १० × १ =१०

अघिको तितो पछिको मिठो	केही पनि नगुमाईकन फत्ते गर्नु
ढुङ्गो खोज्दा देउता मिल्नु	सामान्य वस्तु खोज्दा बहुमूल्य वस्तु प्राप्त गर्नु
साँप पनि मरोस् लट्ठी पनि नभाँचियोस्	आफ्नो ढङ्ग नभईकन अर्का माथि दोष थोपर्ने
खाने मुखलाई जुँधाले छक्दैन	काम गर्नेलाई कुनै बाधाले रोक्ननसक्नु
नाँच्न नजान्ने आँगन टेढो	पहिलो नराम्रो वा दुःख भए पनि पछाडि राम्रो

६) मिल्ने उखान राखेर खाली ठाउँ भर्नुहोस् । ५×२ =१०

(हुने विरुवाको चिल्लो पात, आफ्नो हात जगन्नाथ, अल्छे तिब्रो स्वादे जिब्रो, के खोज्छस्, काना, आँखी, जसको शक्ति उसको भक्तिन)

क) ..... ामता भए सबै मिल्छ ।

ख) ..... चाहिएकै कुरा पाउनु

ग) ..... अघिकार भए सबै प्राप्त हुन्छ ।

घ) ..... असल हुने सानैदेखि राम्रो हुन्छ,

ङ) ..... काम नगर्ने ले नै मिठो खान खोज्छ ।

८) **मिलेको विकल्पमा ठिक चिह्न (√) लेख्नुहोस्** १०

क) अकबरी सुनलाई कसी लगाउनु पर्दैन ।

अ) राम्रो चिज सधै राम्रो हुन्छ (आ) अति गर्नेले सजाय पाउँछ

इ) काम नगर्नेले मिठो खान खोज्छ (ई) थोरै ज्ञान भएको मान्छे घमण्डी हुन्छ ।

ख) अचानाको पिर खुकुरीले जान्दैन ।

अ) राम्रो चिज सधैँ राम्रो हुन्छ । आ) पीडा भोग्नेलाई मात्र थाहा हुन्छ ।

इ) भाग्यमानीले मात्र मिठो खान पाउँछ (इ) फलेको रुख मात्र झुकेको हुन्छ ।

ग) आगो ताप्नु मुढाको कुरा सुन्न बुढाको

अ) मान्छेको जान स्वार्थी हुन्छ आ) अति गर्ने ले सजाय पाउँछ

इ) पाका मानिसका कुरा काम लाग्दा हुन्छन् ई) हित गर्ने कुरा प्रिय लाग्दैन

घ) आफ्नो खुट्टामा उभिनु

अ) अधिकारको सदुपयोग गर्नुपर्छ अ) जस्तो भए पनि आफ्नै प्यारी हुन्छ

इ) अल्छीले कुरा बनाउन खोज्छ (ई) आफै गरिखान सकनुपर्छ ।

ङ) जसले मह काढ्छ उसे हात चाढ्छ ।

अ) इच्छाले आफै बाटो खोज्छ आ) काम गर्नेले मात्र फल पाउँछ ।

इ) लाजमा संस्कृति लुकेको हुन्छ ई) इमानदारले मात्र समस्या भोग्नु पर्छ ।

च) जिउँदाको जन्ती मर्दाका मलामी

अ) कालो गए गोरी आउँछ आ) खुट्टा हुनेले मात्र जुत्ता प्राप्त गर्त

इ) असल साथीभाई मात्र सुखदुखमा साथ हुन्छन् (इ) आधार गाग्री छचल्किन्छ ।

छ) ढुङ्गा खोज्दा देउता मिल्नु

अ) गोड नहुनेले दही दुध खोज्नु बेकार छ आ) कि आँप आउँछ कि झटारो जान्छ ।

इ) जे छ त्यसमै चित्त बुझाउनु पर्छ इ) सोचेको कुरा प्राप्त हुँदा खुसी मिल्छ ।

ज) बुझनेलाई श्री खण्ड नबुझनेलाई खुर्पाको बिँड

अ) थाहा हुनेले मात्र सामान चिन्छ आ) काम नबिगारे डराउनु पर्दैन

इ) बुढी हुने मानसि सोचेर बोल्छ (इ) घमण्डले आफैलाई सिध्याउँछ ।

झ) मौका आउँछ पर्खदैन

अ) बाँस नभए बाँसुरी बज्दैन आ) समय छदै काम सम्पन्न गर्नुपर्छ

इ) हुने कुरा टारेर टर्दैन इ) असलको मात्र सङ्गत फाल्छ ।

९) तलका उखान प्रयोग गरेर उपयुक्त वाक्य बनाउनुहोस् । १० × २ =२०

उखान	वाक्यमा प्रयोग
१. अघिको तितो पछिको मिठो	
२. एक हातले ताली बज्दैन	
३. खाने मुखलाई जुँगाले छेक्दैन	
४. गाई न गोठ लबर लबर ओठ	
५. मेरा गोरुको बाह्रै टक्का	
६. तेलपानी एकै पिना बाहिर	
७. धान खाने मुसो चोट पाउने भ्यागुतो	
८. नाच्न नजान्ने आँगन टेढो	
९. पाको मान्छेका काँचा कुरा	
१०. सम्पत्तिका सबैको हाइहाइ	

परिशिष्ट 'ख'

नमुना विद्यालय

१) श्री विश्व राष्ट्रिय माध्यमिक विद्यालय, कीर्तिपुर ।

२) कीतिपुर माध्यमिक विद्यालय, कीर्तिपुर ।

३) पुष्पसदन आवासीय माध्यमिक विद्यालय, कीर्तिपुर ।

४) बाघभैरव आवासीय विद्यालय, कीर्तिपुर ।

परिशिष्ट 'ग'

नमुना विद्यार्थीहरू

कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरू

श्री विश्व राष्ट्रिय मा.वि.	कीर्तिपुर मा.वि.	बाघभैरव बोडिङ्ग स्कुल	पुष्पसदन आ.मा.वि.
१. आनन्द बुढा	अमीत विष्ट	पृथ्वी श्रेष्ठ	युबि महर्जन
२. टेकराज ओली	अञ्जली तामाङ	इचन कार्की	कुसुम शर्मा
३. कृष्णमाया सुनार	किरण ताम्राकार	उषा गुरुङ	रिवाज नकर्मी
४. पुष्पष लिम्बु	नन्दनी वि.सी	मनिषा खनाल	एन्जल महर्जन
५. लक्ष्मण दर्लामी	दिपेश रोका	युवक बुढा	शिखा रावल
६. सदिक्षा तामाङ	माया विष्ट	शान्भी लिम्बु	सोनम तामाङ
७. समन भुजेल	मिथलेस यादव	विराज बोहोरा	सुवास सिंह
८. सन्ध्या भट्ट	रोजी कुमारी ठाकुर	सदिक्षा बस्नेत	समुन्द्र खनाल

कक्षा ७

श्री विश्वराष्ट्रिय मा.वि	कीर्तिपुर मा.वि.
१. टिकाराम न्यौपाने	१. अजय कठायत
२. अर्चना आग्री	२. राज सुनार
३. नितेश शाही	३. सागर खत्री
४. क्रिस्टिना सुनार	४. समिर खड्का
५. प्रिन्स शर्मा	५. सुक्रि राई
६. खुस्बु लिम्बू	६. सुदिप्ती अवस्थी
७. मानदेव बुढामगर	७. सुनिता बराल
८. रजनी श्रेष्ट	८. सम्पदा सुवेदी

कक्षा ७

पुष्पसदन आ.मा.वि.	बाघभैरव बोडिङ स्कुल
१. अव्यक्तकिशोर लुइटेल	१. आदित्यकुमार शाह
२. आयुश्री शाह	२. जेनीशा खड्का
३. दिपक यावद	३. भुपेन्द्र बिष्ट
४. नोबल जोशी	४. प्राची रानामगर
५. विजय महर्जन	५. रमेश राई

६. पलिश्या श्रेष्ठ	६. महिमा तामाङ
७. शाश्वत पाण्डेय	७. विकास विष्ट
८. शैली बिष्ट	८. सिर्जना रोकाय

कक्षा ८

विश्वराष्ट्रिय मा.वि.	कीर्तिपुर मा.वि.
१. छिरिङ तामाङ	१. सकिल खड्गी
२. अनुष्का घर्ती	२. माला खत्री
३. दिपेश बिष्ट	३. सागर थापा
४. जेनिशा कार्की	४. सदिन मजर्हन
५. भाविन तिमिल्सिना	५. सौगात पन्त
६. रङ्गिता सुनुवार	६. साइनशि थापा
७. सौरभ लिम्बू	७. नितेश तामाङ
८. रुजिना मगर	८. कृपा थारू

बाधभैरव आ.मा.वि.	पुष्पसदन आ.मा.वि
१. किस्मत गिरी	१. अकित पन्थ
२. प्रशुमा थापा	२. अनन्या राई

३. चन्द्र रिजाल	३. आयन श्रेष्ठ
४. रीयाल सुनुवार	४. आयुषा डाँगी
५. हिक्मत बुढामगर	५. रुन्नुमा भण्डारी
६. विपना शाही	६. रोसना खनाल
७. सुप्रिम महर्जन	७. असीम महर्जन
८. सुनिता वि.क.	८. आर्जन भट्टराई

आधारभूत तह (६-८) का विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता

नमुना प्रश्नावली (२०८१)

विषय : नेपाली पूर्णाङ्क : १०० समय : ३ घन्टा परीक्षा मिति : २०८१/०८/०१

विद्यार्थीको नाम : प्रविन तिमिल्सेना कक्षा : ८

१) 'क' र 'ख' समूहको जोडा मिलाउनुहोस् । १X१०= १०

समूह क	समूह ख
हात हाल्नु	बदलाको भावना राख्नु
घुंडा टेक्नु	चेल्नु
कम्मर कस्नु	पिट्नु
नाक काट्नु	आँट्नु
कान समाल्नु	हार्नु
मास छर्न जानु	इज्जत फाल्नु
हात हालाहाल गर्नु	आँखाबाट आँसु आउनु
चेतावनी दिनु	सचेत गराउनु
आंखा रसाउनु	कुटाकुट गर्नु
लेखाजोखा राख्नु	मर्नु

२) कोष्ठकबाट मिल्ने टुक्का छानी तलको खाली ठाउंमा भर्नुहोस् । १X१०= १०

(गाली खानु, मुखमुखै लाग्नु, बढ्ता हुनु, रातोपिरो हुनु, दाँत देखाउनु, कान खसाउनु, माया मार्नु, दशा लाग्नु, काखी च्याप्नु, मुटु चिरिनु)

रातोपिरो हुनु रिसाउनु

बढ्ता हुनु बढी जान्ने पल्टनु

मुखमुखै लाग्नु तुरुन्त जवाफ फर्काउनु

कारुणी चाउनु.....पक्ष लिनु

काम लगाउनु.....हिम्मत हानु

लट्ठा हुनु.....आवश्यकताभन्दा बढी जान्ने हुनु

झाली झ्याउनु.....कसैले आफूलाई नराम्रो वचन लगाउनु

माया मार्नु.....त्यागनु

मुटु चिरिनु.....धेत्तरो हुनु

ढुङ्गा लाग्नु.....ठुलो बरबादी हुनु

३) मिलेको विकल्पमा ठिक चिह्न (✓) दिनुहोस् । १X१०= १०

क) 'घत लाग्नु' को सही अर्थ के हो ?

(अ) चित्त बुझ्नु (आ) घाँटी जोड्नु (इ) चेतवानी दिनु (इ) जोहो गर्नु

ख) 'मास छर्न जानु' भन्ने टुक्काले दिने अर्थ कुन हो ?

(अ) घैंटामा घाम लाग्नु (आ) मर्नु (इ) मख्ख पर्नु (ई) जिद्धि गर्नु

ग) 'माया मार्नु' भनेको के हो ?

(अ) दिक्क लाग्नु (आ) घुँडा टेक्नु (इ) विर्सनु (इ) कुरा गर्नु

घ) 'आँखा छल्नुँ' ले केलाई बुझाउँछ ?

(अ) मतलब जाग्नु (आ) घुँडा टेक्नु (इ) चेतवानी दिनु (इ) झुक्याउनु

ङ) 'तालुमा आलु फल्नु' को अर्थ के हुन्छ ?

(अ) भाग्य चम्कनु (आ) गला रेट्नु (इ) कुरा सुन्नु (इ) जोहो गर्नु

च) 'नाक काट्नु' भन्नाले के बुझिन्छ ?

(अ) तोरीका फूल देख्नु (आ) इज्जत फाल्नु (इ) स्याबासी दिनु (इ) गाँठो पर्नु

छ) 'हात हाल्नु' ले कुन अर्थ दिन्छ ?

(अ) धड्धडे लाग्नु (आ) धरती टेक्नु (इ) कुट्नु (इ) माया मार्नु

ज) 'टाउकामा टेक्नु' भन्नाले के बुझिन्छ ?

(अ) मन लाग्नु (आ) हात टेक्नु (इ) चेतवानी दिनु (इ) हेप्नु

झ) 'मुटु चिरिनु' भनेको के हो ?

(अ) मनदेखि दुख्नु (आ) कपाल फुल्नु (इ) डिच्च गर्नु (इ) पिच्च थुक्नु

ञ। 'धुमधुम्ती वस्नु' वाट के बुझ्नुहुन्छ ?

(अ) वित्यास पनुं (आ) रिसाएर वस्नु (इ) चेतावनी दिनु (इ) रिसले आगो हुनु

४। दिइएका टुक्काबाट उपयुक्त वाक्य बनाउनुहोस् । २X१०= २०

टुक्का	वाक्यमा प्रयोग
१। अड्डी कस्नु	रामले पैले लोकसेवा पास गर्ने अनेक अड्डी कस्यो।
२। अनुहार फेनुं	हरेले आफ्नो गाउँमा चोरी डाँकाले कर्पले नूचीनेमू अनेक झुक्यो आफ्नो अनुहार फेऱ्यो
३। आकुलव्याकुल हुनु	प्रकृति पनि कार्य दिदै गर्नु छ भने आकुलाव्याकुल हुन्छ ।
४। आँखा रसाउनु	रामले गरेको राम्रो कुरा सुनेर हरीको आखा रसायो
५। इन्तु न चिन्तु हुनु	राम साइकल चलाइरहेको बेला साइकलबाट खसेर हातमुख चिरेर गयो।
६। कम्मर कस्नु	मुर्कुको तालिमले सशस्त्रमाथि आरोहण गर्ने कम्मर कसेको विज्ञान।
७। काखी च्यात्नु	हामाले नराम्रा कुराप्रति कसैको काखी च्याउनु हुँदैन।
८। कान समात्नु	हरेले बेसमा आफूले नराम्रा काम गरेको सम्झेर अब देखी नगर्ने भन्दै कान समाल्यो ।
९। सत्यानाश हुनु	रामको खेत जङ्गल नजाक पारेकाले बाटोले

६) मिल्ने उखान गर्नेर खाली ठाउ भर्नुहोस् । १X५= ५

(हुने बिरुवाको चिल्लो पात आफ्नो हात जगन्नाथ, अल्छे तिघ्रो स्वादे जिब्रो, के खोज्छस् काना आँखो, जसको शक्ति उसको भक्ति

क) आफ्नो हात जगन्नाथ ....क्षमता भए सबै मिल्छ ।

ख) के खोज्छस् काना आँखो ....चाहिएकै कुरा पाउनु

ग) जसको शक्ति उसको भक्ति ....अधिकार भए सबै प्राप्त हुन्छ ।

घ) हुने बिरुवाको चिल्लो पात ....असल हुने सानैदेखि राम्रो हुन्छ ।

ङ) अल्छे तिघ्रो स्वादे जिब्रो ....काम नगर्नेले नै मिठो खान खोज्छ ।

८) मिलेको विकल्पमा ठिक चिह्न (✓) दिनुहोस् । १X१०= १०

क) अकबरी सुनलाई कसी लगाउनु पर्दैन ।

(अ) राम्रो चिज सधैं राम्रो हुन्छ (आ) अति गर्नेले सजाय पाउँछ

(इ) काम नगर्नेले मिठो खान खोज्छ (ई) थोरै ज्ञान भएको मान्छे घमण्डी हुन्छ ।

ख) अचानाको पिर खुकुरीले जान्दैन ।

(अ) राम्रो चिज सधैं राम्रो हुन्छ (आ) पीडा भोग्नेलाई मात्र थाहा हुन्छ

(इ) भाग्यमानीले मात्र मिठो खान पाउँछ (ई) फलेको रूख मात्र झुकेको हुन्छ ।

ग) आगो ताप्नु मुढाको कुरा सुन्नु बुढाको

(अ) मान्छेको जात स्वार्थी हुन्छ (आ) अति गर्नेले सजाय पाउँछ

(इ) पाका मानिसका कुरा काम लाग्दा हुन्छन् (ई) हित गर्ने कुरा प्रिय लाग्दैनन् ।

घ) आफ्नो खुट्टामा उभिनु

(अ) अधिकारको सदुपयोग गर्नुपर्छ (आ) जस्तो भए पनि आफ्नै प्यारो हुन्छ ।

(इ) अल्छीले कुरा बनाउन् खोज्छ (ई) आफैं गरिखान सक्नुपर्छ ।

ङ) औंलो दिंदा डुडुल्लो निल्ने

(अ) पाउनेले धेरै खोज्छ (आ) सन्तान आफ्नै राम्रो लाग्छ

(इ) अति लोभले विलाप ल्याउँछ (ई) सहयोग दोहोरो हुनुपर्छ ।

च) जसले मह काढ्छ उसले हात चढ्छ

(अ) इच्छाले आफैं बाटो खोज्छ (आ) काम गर्नेले मात्र फल पाउँछ

(इ) लाजमा संस्कृति लुकेको हुन्छ (ई) इमानदारले मात्र समस्या भोग्नुपर्छ ।

y

ञ) 'धुमधुम्ती वस्नु' बाट के बुझ्नुहुन्छ ?

(अ) बित्यास पर्नु (आ) रिसाएर वस्नु (इ) चेतावनी दिनु (इ) रिसले आगो हुनु

४) दिइएका टुक्काबाट उपयुक्त वाक्य बनाउनुहोस् । २X१०= २०

टुक्का	वाक्यमा प्रयोग
१) अड्डी कस्नु	.....
२) अनुहार फेर्नु	.....
३) आकुलव्याकुल हुनु	.....
४) आँखा रसाउनु	.....
५) इन्तु न चिन्तु हुनु	.....
६) कम्मर कस्नु	.....
७) काखी च्यात्नु	.....
८) कान समात्नु	.....
९) सत्यानाश हुनु	.....
१०) वाचा बाँध्नु	.....

५) तलका उखान र तिनको आशयविच जोडा मिलाउनुहोस् । १X५= ५

अघिको तितो पछिको मिठो	केही पनि नगुमाईकन काम फत्ते गर्नु
ढुङ्गो खोज्दा देउता मिल्नु	सामान्य वस्तु खोज्दा बहुमूल्य वस्तु प्राप्त गर्नु
साँप पनि मरोस् लट्ठी पनि नभाचियोस्	आफ्नो ढङ्ग नभईकन अर्कामाथि दोष थोपर्ने
खाने मुखलाई जुँघाले छेक्दैन	काम गर्नेलाई कुनै बाधाले रोक्न नसक्नु
नाँच्न नजान्ने आँगन टेढो	पहिले नराम्रो वा दुःख भए पनि पछाडि राम्रो

६) मिल्ने उखान राखेर खाली ठाउँ भर्नुहोस् । १X५= ५

(हुने विरुवाको चिल्लो पात, आफ्नो हात जगन्नाथ, अल्छे तिघ्रो स्वादे जिब्रो, के खोज्छस् काना आँखो, जसको शक्ति उसको भक्ति

क).....क्षमता भए सबै मिल्छ

ख).....चाहिएकै कुरा पाउनु

ग).....अधिकार भए सबै प्राप्त हुन्छ ।

घ)..... ..... असल हुने सानैदेखि राम्रो हुन्छ ।

ङ) .....काम नगर्नेले नै मिठो खान खोज्छ ।

८) मिलेको विकल्पमा ठिक चिह्न (✓) दिनुहोस् । १X१०= १०

क) अकबरी सुनलाई कसी लगाउनु पर्दैन ।

(अ) राम्रो चिज सधैं राम्रो हुन्छ (आ) अति गर्नेले सजाय पाउँछ

(इ) काम नगर्नेले मिठो खान खोज्छ (ई) थोरै ज्ञान भएको मान्छे घमण्डी हुन्छ ।

ख) अचानाको पिर खुकुरीले जान्दैन ।

(अ) राम्रो चिज सधैं राम्रो हुन्छ (आ) पीडा भोग्नेलाई मात्र थाहा हुन्छ

(इ) भाग्यमानीले मात्र मिठो खान पाउँछ (ई) फलेको रूख मात्र झुकेको हुन्छ ।

ग) आगो ताप्नु मुढाको कुरा सुन्नु बुढाको

(अ) मान्छेको जात स्वार्थी हुन्छ (आ) अति गर्नेले सजाय पाउँछ

(इ) पाका मानिसका कुरा काम लाग्दा हुन्छन् (ई) हित गर्ने कुरा प्रिय लाग्दैनन् ।

घ) आफ्नो खुट्टामा उभिनु

(अ) अधिकारको सदुपयोग गर्नुपर्छ (आ) जस्तो भए पनि आफ्नै प्यारो हुन्छ

(इ) अल्छीले कुरा बनाउन खोज्छ (ई) आफैं गरिखान सक्नुपर्छ ।

ङ) औंलो दिंदा डुडुल्नो निल्ने

(अ) पाउनेले धेरै खोज्छ (आ) सन्तान आफ्नै राम्रो लाग्छ

(इ) अति लोभले विलाप ल्याउँछ (ई) सहयोग दोहोरो हुनुपर्छ ।

च) जसले मह काढ्छ उसले हात चढ्छ

(अ) इच्छाले आफैं बाटो खोज्छ (आ) काम गर्नेले मात्र फल पाउँछ

(इ) लाजमा संस्कृति लुकेको हुन्छ (ई) इमानदारले मात्र समस्या भोग्नुपर्छ ।

छ) जिउँदाको जन्ती मडाका मलामी

(अ) कालो गए गोरो आउँछ (आ) खट्टा हुनेले मात्र जुत्ता प्राप्त गर्छ

(इ) असल साथीभाइ मात्र सुखदुखमा साथ हुन्छन् (ई) आधा गाग्रो छचल्किन्छ ।

ज) हुड्गा खोज्दा देउता मिल्नु

(अ) गोठ नहुनेले दहीदूध खोज्नु बेकार छ (आ) कि आँप आउँछ कि झटारो जान्छ

(इ) जे छ त्यसमै चित्त बुझाउनुपर्छ (ई) सोचेको कुरा प्राप्त हुँदा खुसी मिल्छ ।

झ) बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई खुर्पाको विँड

(अ) थाहा हुनेले मात्र सामान चिन्छ (आ) काम नबिगारे डराउनुपर्दैन

(इ) बुद्धि हुने मानिस सोचेर बोल्छ (ई) घमण्डले आफैँलाई सिध्याउँछ ।

ञ) मौका आउँछ पर्खदैन ।

(अ) बाँस नभए बाँसुरी बज्दैन (आ) समय छँदै काम सम्पन्न गर्नुपर्छ

(इ) हुने कुरा टारेर टर्दैन (ई) असलको मात्र सङ्गत फाल्छ ।

९) तलका उखान प्रयोग गरेर उपयुक्त वाक्य बनाउनुहोस् । २X१०=२०

उखान	वाक्यमा प्रयोग
१) अघिको तितो पछिको मिठो	.....
२) एक हातले ताली बज्दैन	.....
३) खाने मुखलाई जुँगाले छेक्दैन	.....
४) गाई न गोठ लवरलवर ओठ	.....
५) मेरा गोरुको बाह्रै टक्का	.....
६) तेलपानी एकै पिना बाहिर	.....
७) धान खाने मुसो चोट पाउने भ्यागुतो	.....
८) नाच्न नजान्ने आँगन टेढो	.....
९) पाको मान्छेका काँचा कुरा	.....
१०) सर्म्सातमा सबैको हाइहाई	.....

व्यक्तिवृत्त

नाम	:	सुनिता बिष्ट
बुबाको नाम	:	हरिशरण बिष्ट
आमाको नाम	:	रमा बिष्ट
जन्म मिति	:	वि.सं. २०४४/०३/१३
नागरिकता	:	नेपाली
लिङ्ग	:	महिला
धर्म	:	हिन्दु
राष्ट्रियता	:	नेपाली
पेसा	:	शिक्षक
स्थायी ठेगाना	:	कीर्तिपुर नगरपालिका-६, थापागाउँ
भाषा	:	नेपाली
सम्पर्क नम्बर	:	९८४०४२३५३९
इमेल	:	sunibista269@gmail.com

शैक्षिक योग्यता

क्र.सं.	तह	संस्थाको नाम र ठेगाना	श्रेणी
१	एस.एल.सी	श्री देवी बाल सुधार माध्यमिक विद्यालय, काठमाडौँ	द्वितीय
२	१०+२	सहयोगी बहुमुखी क्याम्पस, काठमाडौँ	द्वितीय
३	स्नातक	मदन भण्डारी मेमोरियल कलेज, काठमाडौँ	द्वितीय
४	स्नातकोत्तर	महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौँ	शोधवर्ष